

# ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पूरुषका करकमल बाट पोखिएको अमृतको ग्रन्थ

# "म र मेरो कर्त्तव्य"

# ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका

# "कृपा"

खप्तड तपोभूमिमा वस्ने एक चिन्तकको नाताले मेरो मनमा धेरै पटक उब्जिरहने एक मुख्य कुरा यही छ कि विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपालमा विगत केही दशकदेखि धार्मिक शिक्षाको स्तर अनुपातमा ऱ्हास हुँदै गइरहेको छ । यही पद्धति कायम रहने हो भने केही वर्षपछि हाम्रा पूर्वजहरूले हाम्रै लागि छोडेर गएका धार्मिक शिक्षाका पाठहरू हामीले अन्य संस्कृति तथा समुदायवाट सापट माग्नुपर्ने अवस्था समेत आइपर्न त्यति कठिन छैन । हाम्रो संस्कृतिको मूल स्रोत संस्कृत भाषा हिन्दू संस्कृतिदेखि बिल्कुल विपरीत संस्कृति भएका एशिया तथा यूरोपका कैयौं राष्ट्रहरूमा महत्त्व पाई पठनपाठन तथा अनुसन्धानको विषयसमेत भइरहेका छन् । हाम्रो देशको वर्तमान परिस्थितिअनुसार पनि समय त्यति बितिसकेको छैन, धार्मिक शिक्षा तथा हिन्दू संस्कृतिको संवर्धन तथा विकासको लागि समय अझै यथेष्ट छ । यस हिन्दू राष्ट्रमा धार्मिक शिक्षा एक अनिवार्य विषयको रूपमा प्रत्येक शिक्षा-मन्दिरहरूमा पढाइने प्रवन्ध गर्न सके विदेशी संस्कृतिले अलमलिन लागेका हाम्रा युवावर्गले देखासिकीबाट भौतिक प्रवाहमा नपरेर धार्मिक अनुशासनका साथै आफ्नो कर्तव्य र जिम्मेवारीलाई चिनेर अझै कर्मठ नागरिक हुने मौका पाउने थिए ।

# "कृपा"

धर्म र धार्मिक शिक्षाको अर्थ मेरो सोचाइमा संकीर्णता, साम्प्रदायिकता, रूढीवाद र अन्धविश्वास बिल्कुलै होइन, त्यसको सट्टा वैज्ञानिक व्याख्या सम्पन्न परम व्यावहारिक, उदार, विशाल तथा अविरोधी धर्म र धार्मिक शिक्षा हो ।

संक्षेपमा माथिको भनाइको मेरो अभिप्राय यो छ कि कुनै पनि विदेशीले संसारको एक मात्र पवित्र हिन्दू देशमा आउँदा, वस्दा र फर्कंदासम्म यस्तो अनुभव गरोस् कि म हिन्दू देशमा आएँ, बसें र अहिले म हिन्दू-देशबाट फर्कन लागेको छु । यस उद्देश्यको पूर्त्ति गर्नलाई एक सरल तथा स्थूल साधन यो पनि हो कि प्राय: मुख्य-मुख्य मार्गहरू, विद्यालय, कार्यालयहरूमा हिन्दू संस्कृतिका परिचायक श्लोकहरू प्लेटहरूमा टाँस्ने व्यवस्था भए सारै वेस हुने थियो । त्यस्ता प्रेरणादायी वाक्यहरू र देश, धर्म, संस्कृतिको गौरववर्धक वाक्यहरू वेद, उपनिषद्, गीता, रामायण, महाभारत, उपदेशप्रद बुद्ध वचनबाट लिन सकिन्छ ।

# "कृपा"

(ग) सम्पूर्ण विश्वमा मानमात्रको अधुरो, अपूरो र दूषित राजनीति प्रत्येक क्षेत्रमा पाइला-पाइलामा टाँसिएको छ। सुधारको नाममा नैतिकता, अनुशासन तथा धर्मका आधारभूत नियमहरूमाथि नै कुठाराघात भइरहेको छ। धर्म र संस्कृतिका विकृत परिभाषाहरू बनाएर 'अन्धेनैव नीयमाना यथान्धाः' को उक्ति चरिचार्थ भइरहेको छ। यो भन्नुपर्दा निकै दुःख लाग्दछ कि आज संसारको गतिविधि केही अर्कै प्रकारको छ। सम्झनुपर्ने कुरा यो छ कि मानव न त केवल आत्मा हो न केवल शरीर। मानव ती आत्मा र शरीरको सुमधुर संयोग हो।

# "कृपा"

मानवको बनावट दोहोरो छ। यस प्रकारको दोहोरो बनावटका लागि आहारा पनि दोहोरो चाहिन्छ। यसमा कसैको पनि दुई मत हुन सक्दैन। आत्मालाई आत्माको खुराक र शरीरलाई शरीरको खुराक दिनुमा नै मानव जीवनको सार्थकता निहीत छ। आत्माका भोजन हुन्- अहिंसा, सत्य, वैराग्य, इन्द्रियसंयम, तप, आत्मस्वरूपमा सदा रमाउनु र शरीका भोजन हुन्-सात्विक भोज, वस्त्र, आवास आदि। आज संसाररूपी रंगमञ्चको हलचलतर्फ आँखा उठाई हेर्दा यस्तो लाग्छ, मानौं विश्व आत्मालाई बाहिर छोडेर केवल शरीर मात्रसँग टाँसिन पुगेको छ। आजको यस भौतिकवादको होडमा प्रत्येक व्यक्ति अथवा राष्ट्र आफ्नो छिमेकीलाई पछि पार्नमा आफ्नो लक्ष्य बनाउँछ। आज मानवमात्रको मन, वचन र कर्ममा भौतिकताले यस्तो गहिरो जरा गाडेको छ कि उसको बोलचाल, रहनसहन र सोचविचार आदि सबैमा केवल भौतिकताको नै छाप देखिन्छ। हानिकारक आकांक्षा, महत्त्वाकांक्षाहरू, पदार्थवादको होडबाजी, पार्थिव ढिस्सावाल भोजन, वस्त्र र भोगविलासमा डुबिरहनु आजका मानवको सर्वोच्चताको मापदण्ड बनेको छ। यही नै आजको महत्त्वपूर्ण र जीवन्त प्रश्नहरू बनेका छन्, तर आत्मा जो भोकले चिच्याइरहेको छ, त्यसको चिन्ता आज कसलाई छ? आज सम्पूर्ण विश्वको आत्मा भोको छ र शान्तिको खोजमा भट्किरहेको छ। सुखका लागि लालायित छ। त्याग र वैराग्य तथा संयमको आत्ममुखी प्रवृत्तिका लागि छट्पटाइरहेको छ। जुन उसको वास्तविक भोजन हो। आत्मालाई आत्मानुरूप खुराक दिन सकिएन भने निश्चय नै त्यो दिन टाढा छैन कि सम्पूर्ण विश्वको रङ्गमञ्च त्राहि त्राहिको कष्टदायी आवाजले गुञ्जायमान हुनेछ।

# "कृपा"

ङ साह्रै दु:खको कुरा छ कि आजको सुधारवादी मानव अति द्रुतगतिले न केवल भौतिकतातर्फ लम्किरहेको छ अपितु अनुशासन, नैतिकता, श्रद्धा, विश्वास आदि मानवोचित सद्‌गुणहरूलाई पनि सहर्ष गौरवपूर्ण उद्दण्ड बुद्धिले गुमाइरहेको छ। आज संस्कृति र नैतिकताको बारेमा भाषण दिनु एक प्रकारको फेशनजस्तै भएको छ। आश्चर्य त यस कुरामा छ कि सुधारक महाशयहरू संस्कृतिको कुनै सन्तोषजनक परिभाषासमेत दिन सक्दैनन्। धर्मको नामसम्म लिन लाज र संकोच मान्दछन्। शायद उनीहरू डराउँछन्, कर्मधर्मको नाम लिएर पाषाणयुगमा पुन: नफर्कियौं, धर्मको सट्टामा संस्कृतिको नामलाई नै फिक्का र बनावटी हाँसोको साथ बारम्बार दोहोऱ्याइरहन्छन्।

# "कृपा"

यदि कसैलाई वास्तवमै सुधारको चाहना छ भने शिक्षा-मन्दिरहरू अर्थात् विद्यालय र क्याम्पसहरूमा धर्मशिक्षा नामको एक अनिवार्य विषय समावेश गरेर स्तरअनुसार पाठ्यपुस्तक तयार गराई पठन-पाठनको व्यवस्था हुनु पर्दछ। मेरो सोचाइमा वर्तमान जटिल र अनैतिकतापूर्ण परिस्थितिमा सुधारको कुनै अन्य ठोस उपाय छैन। धर्म र धार्मिक शिक्षाको अर्थ, मेरो अभिप्रायमा अन्धविश्वास, रूढीवाद तथा संकीर्णता होइन, बरू त्यसको विपरीत विज्ञान प्रतिपादित, उदार, हिन्दूधर्म नै मेरो अभिप्राय हो। उदारताको अर्थ धर्मको मौलिकतालाई उल्लङ्घन गर्नु होइन, अपितु यसलाई सरल र विस्तृत परिभाषा दिनु नै हो।

च

आजको संसारमा विज्ञानको विकास आवश्यकताभन्दा निकै बढी भइसकेको छ। आजको संसार विज्ञानको अत्यधिक विकासले गर्दा केही क्षणको अन्तरालमा सम्पूर्ण सृष्टिसहित नाश हुनसक्ने भयावह स्थितिसम्म पुगिसकेको छ। अब आजको संसारलाई विज्ञानको बढी विकासको होइन, नैतिकता र अनुशासनको बढी आवश्यकता छ। यस अनिवार्य आवश्यकतालाई केवल धर्म शिक्षाले मात्र पूरा गर्न सक्दछ। यसबाहेक अरू कुनै उपाय छैन।

# "कृपा"

आजको संसार मस्तिष्क विकसित हुँदा-हुँदै हिमालय जति ठूलो भइसकेको छ। त्यसको विपरीत आजको संसारको हृदय संकुचित हुँदा-हुँदा भिंगाको टाउको समान सानो भइसकेको छ। अब हृदयलाई मस्तिष्कको अनुपातमा बढाउने हो अथवा मस्तिष्कलाई नै हृदयको अनुपातमा घटाउने हो, जो

एकमात्र अनिवार्य आणविक युद्धद्वारा नै सम्भव छ र हृदयलाई मस्तिष्कको अनुपातमा ल्याउन नैतिकता, अनुशासन र आध्यात्मिक शिक्षाद्वारा नै सम्भव छ। यो कुरा तपाईंहरूको इच्छामा नै निर्भर छ। जुनसुकै अवस्थामा पनि सन्तुलन अवश्यम्भावी छ। प्रकृतिका नियमहरू अकाट्य छन्। उनलाई हामी आफ्नो बुद्धिको शक्तिले छल्न सक्तैनौ। छ

# "कृपा"

मानवता र समयको माग भन्दा-भन्दै आफ्नो मौलिक परम्परा प्राप्त सामाजिक, वैयक्तिक र शास्त्रीय मर्यादाहरूलाई तोड्ने प्रयास नगर, यसबाट लाभको सट्टा हानि नै होला । के मानवताले अझै पनि जब कि उसको भीषण भविष्यमा छाप लागिसकेको छ, एक पटकमात्र पछाडि फर्केर हेर्ला ? के उसले संसारिक आनन्दभन्दा परको वास्तविक परमधामको एक झलक पाउला ? — ज

निकै गहिराइसम्म पुगेर विचार गर्दा स्पष्ट नै प्रतीत हुन्छ कि आज संसारमा धर्म र संस्कृतिका नयाँ-नयाँ परिभाषाहरू बनाइँदै छन् । कहीँ-कहीँ त यी नयाँ परिभाषाहरूले यी शब्दहरूको मौलिक रूपलाई नै विकृत गर्न थालिसकेका छन् । तर, सत्य भनेको सत्य नै हो, जसलाई आवरण दिनु कठिनमात्र होइन असम्भव नै छ । संस्कृति शब्दको वास्तविक परिभाषा खोज्ने हो भने कुनै पनि देशको भाषा, वेशभूषा, रहन-सहन, खानपिन र चरित्रबाट नै त्यस देशको संस्कृतिको ज्ञान हुन्छ । अर्थात् ती भाषा, वेशभूषा, खानपिन रहन-सहन र चरित्रबाट मानिसको हृदयमा जो संस्कारको छाप परेको हुन्छ ती संस्कार नै उसको संस्कृति हो । अतः यी पाँचको समूहलाई नै संस्कृति भन्न सकिन्छ । धेरै विस्तारमा नगई छोटकरीमा यति भन्नु पर्याप्त हुनेछ । कि हिन्दू संस्कृतिको भाषा हो, संस्कृति यो परम वैज्ञानिक र पूर्ण

भाषा हो जसमा स्वर र व्यञ्जन गरी ५० अक्षर छन्, प्रत्येक ध्वनिको उच्चारण यही भाषामा मात्र सम्भव छ । लेखिएअनुसारको उच्चारण गर्नु र उच्चारण गरेअनुसार लेख्नु यही भाषामा मात्र सम्भव छ अन्य कुनै भाषामा सम्भव छैन, जुन संस्कृत भाषाको प्रमुख विशेषता हो । हिन्दू साहित्य विशाल छ । वेद, उपनिषद्, ब्रह्मविद्याका मूल स्रोत हुन् । हिन्दू साहित्यमा १,२५,००० श्लोक संख्या भएका जस्ता महान् काव्य धेरै छन् ।

# "कृपा"

आहार र शौचाचार पनि हाम्रो संस्कृतिको प्रधान अंग हो। विश्वको यस भू-भागमा शताब्दियौं पहिले नै पाकशास्त्रको निर्माण भइसकेको थियो। चिनी र विभिन्न मसलाहरूको प्रयोग पहिले यसै संस्कृतिमा सुरु भएको थियो। अन्य धर्म, संस्कृति र समुदायका मानिसहरूले पछि हिन्दू संस्कृतिबाटै यी कुराहरू सिके।

स्वच्छताको बारेमा भन्ने हो भने पनि स्वच्छ र पवित्र भएर भोजन गर्नु तथा ब्राह्मणका लागि प्रात स्नान इत्यादिका नियमहरू सबैभन्दा पहिले यसै संस्कृतिमा बनेका थिए। यी सब उच्चस्तरका कुराहरू हाम्रो आफ्नो संस्कृतिमा हुँदाहुँदै पनि हाम्रा शिक्षित युवावर्ग अन्य सभ्यतामाथि मोहित भएर अगाडि बढ्दै, फूर्तिसाथ तिनको अन्धाधुन्ध अनुकरण गर्दै आफूलाई परमाधुनिक मान्न पुगेका छन्। यदि उनको दृष्टिमा यही बाटो ठीक ठहरिन्छ भने उनलाई रोक्ने पनि कसले ? तर मेरो आधुनिक आत्मजनहरू हो ? शान्त मनले आफैं विचार गर, मेरो विचारमा त भौतिक विकाससम्बन्धी वैज्ञानिक ढङ्ग र सामग्री अवश्य नै ग्रहणयोग्य र अत्यावश्यकीय छन्, तर जहाँसम्म संस्कृति, सभ्यता र धर्मको प्रश्न छ ती त तिम्रा आफ्नै श्रेष्ठ छन्। त्यसैअनुसारको आचरण गर्नुमा प्रत्येक दृष्टिबाट तिम्रो कल्याण छ तर पनि आफ्नो इच्छानुसार गर्न तिमी पूर्ण स्वतन्त्र छौ।

झ

# "कृपा"

ञ मेरो विचारमा कुनै पनि मानिसले बिर्सन नहुने र अत्यन्तै महत्त्वपूर्ण कुरा यही छ कि सांस्कृतिक स्वाधीनता नै वास्तविक स्वाधीनता हो। पूर्ण स्वाधीनताको अर्थ केवल राजनीतिक स्वाधीनता मात्र होइन त्यसको साथै सांस्कृतिक स्वाधीनता अपरिहार्य छ। मुख्य कुरा यही छ कि अनेक जातिले एकपटक गुमाइसकेको राजनीतिक स्वाधीनता समय र परिस्थितिले साथ दिँदा पुनः फर्काएका छन्, तर एकपटक गुमिसकेको धार्मिक र सांस्कृतिक परम्परा अपरिवर्तित र पूर्णरूपमा कायम गर्नु कुनै पनि समुदायको जीवनमा प्रायः असम्भव छ। संसारका कैयौं देशको इतिहास यस कुराको पूर्ण साक्षी छ। प्रत्येक धार्मिक स्वाधीनताका इच्छुक जनले यस कुरालाई स्वयं शान्त हृदयले विचार गर्नु अत्यावश्यक छ।

ॐ श्री गुरुपरमात्मने नमः

# "म र मेरो कर्तव्य"

**क्यों मानव तू भू पर आया ?** (क)

पशु, पंक्षी, कीट, देव, दानवमय ब्रह्म सृष्टिसे जग छाया ।
फिर भी मानव तू क्यों आया ?
चौरासी लाख योनि प्राणीमें कमी एक दिखलाती थी ।
हरयोनि कर्मपथ विमुख रही, भोगमें सुख-दुःख पाती थी ।
निजमूल लक्ष्यसे मिलनेको, वह भटक-भटक अकुलाती थी ।
यह जीवन पुनः ही ब्रह्मलीन, उद्देश्य-पूर्ति-हित नरकाया ।

**क्यों मानव तू भू पर आया ?**

मन सन्तती मानवको वेदोंने यही ज्ञान समझाया था ।
स्मृतियोँद्वारा यह भाव, हमारे ऋषि-महर्षिने पाया था ।
ब्राह्मण, उपनिषद्, पुराण, काव्यमें यही धर्म दर्शाया था ।
यह कर्ममार्ग अवलम्बन या मानव-विकास था सरसाया ।

**क्यों मानव तू भू पर आया ?**

सन्देश भूलकर नर फिर जब, निज जन्म लक्ष्यसे विमुख हुआ
मायाके चक्करमें पडकर, कामादिकके आधीन हुआ ।
आसुरी-भाव प्राबल्य हुआ, नर पशुतामें लवलीन हुआ ।
मानवताकी रक्षाको तब भगवान् स्वयं भू पर आया ।

**क्यों मानव तू भू पर आया ?**

नर- प्रतिनिधि अर्जुन मनमें जब मायाका भूत समाया था ।
निज कर्मक्षेत्र नाशक, विषाद-आवरण बुद्धि पर छाया था ।

ॐ श्री गुरुपरमात्मने नमः

# "म र मेरो कर्तव्य"

तब स्वयं परम प्रभुने नरको गीताका ज्ञान सुनाया था। ख

है अजर अमर आत्मा सबका, है वस्त्र समान बनी काया।

क्यों मानव तू भू पर आया ?

जो शत्रु-मित्रको सम देखे, निन्दा-स्मृतिमें समभाव रहे।

मानापमान परवाह नही, सुख-दुःखका जिसे न ज्ञान रहे।

जो परसेवा संलग्न जिसे सब जगमें प्रभुका ध्यान रहे।

इस भाँति प्रज्ञा स्थिति जो है, उसने सचमुच प्रभुको पाया।

क्यों मानव तू भू पर आया ?

यह था मानवताका विकास, पर वे विचार अब ध्वस्त हुए।

आध्यात्मिकताको भूला आज नर भौतिकतामें मस्त हुए।

शारीरिक सुख सर्वस्व आज आध्यात्मिक दैवी गुण अस्त हुए।

हिंसा-हिंसा सर्वत्र देख यह शक्ति-द्वन्द्व नर थर्राया।

क्यों मानव तू भू पर आया ?

मानवपर आज अपर मानवको, लेश मात्र विश्वास नही।

मानव मानवसे शंकित है प्रेम भावका वास नही

नर भले कहें उत्थान इसे, मैं कहता इसे विकास नहीं।

मरे मटसे तो आज वस्तुतः घोर पतनाका युग आया।

क्यों मानव तू भू पर आया ?

है एक और एटम-वम-भय भूचाल ज्वाल वरसाता जो।

दूसरी ओर हाइड्रोजन वम नित्य नयें रोग फैलाता जो।

राकेटसे अस्त्र चले अब तो, देशोंके देश जलाता जो।

मानवका सर्वनाश सम्मुख सिर पर सबके अब घवराया।

क्यों मानव तू भू पर आया ?

ॐ श्री गुरुपरमात्मने नमः

# "म र मेरो कर्तव्य"

'सर्वे भवन्तु सुखिनः' वाणीका घोष न आज सुनाता है। ग
'कामये आर्तिनाशनम्' सर्व प्राणीका कौन मनाता है।
'जय केवल हम' गाते हैं सब 'जय जगत्' कौन गाता है।
परमार्थ भाव है याद नही बस स्वार्थ-स्वार्थ सबने गाया।

**क्यौं मानव तू भू पर आया ?**

अब ईशा बुद्ध गाँन्धीकी वाणी है नरको कुछ याद नही।
'वसुधैव कुटुम्बकम्' कहाँसे मानें, भाइ-भाइमें जब प्यार नही।
मानव सेवाब्रत भूल गया, जीवनका कुछ सिद्धान्त नहीं।
मानव था चला कहाँ जानेको, कहाँ आज है वह आया।

**क्यौं मानव तू भू पर आया ?**

अब सत्य, अहिंसा, ब्रह्मचर्यका जीवनमें कुछ मान नहीं।
नर सदाचारको भूल गया 'मातृवत् परदारेषु' भाव नहीं।
'परद्रव्येषु लोष्ठवत्' भाव नहीं, सर्वात्म भावका ज्ञान नहीं।
हरक्षण अशान्तिमय वित रहा, क्या कभी चित्तमें शरमाया।

**क्यौं मानव तू भू पर आया ?**

अस्त व्यस्त सन्त्रस्त सी मानवता खडी दुधारमें।
आज तुझसे पूछ रही बस एक प्रश्न तू भूपर क्यौं आया ?

**क्यौं मानव तू भू पर आया ?**

ॐ श्री गुरुपरमात्मने नमः

# "म र मेरो कर्तव्य"

वास्तवमा म को हुँ ? मेरो कर्तव्य के हो ?
ईश्वर, आमाबाबु, गाई, गुरु र शास्त्र यी
पाँच मानव मात्रको निरन्तर उपकार गर्दछन्,
विचार गर यिनीहरूप्रति हाम्रो के कर्तव्य छ ?

(१) सम्पूर्ण पुरुषार्थको साधनस्वरूप अद्वितीय विद्या, बल बुद्धिसम्पन्न, देवदुर्लभ मनुष्य-चोला र त्यसको रक्षाका विविध साधन ईश्वरबाट नै हामीलाई प्राप्त हुन्छन्, जसको सहायता हामीलाई प्रतिक्षण प्राप्त छ, विचार गर उनका प्रति हाम्रा पनि केही कर्तव्य छन् कि !

(२) जन्मदेखि नै आमाबाबुले आफ्ना सन्तानलाई प्राणभन्दा प्यारो गरेर पालन-पोषण गर्दछन्, तिनलाई सबै कुराबाट सुयोग्य बनाएर अन्तमा सर्वस्व समर्पण गरेर आफ्नो कर्तव्य पूरा गर्दछन् । तिमी आफैं पनि कसैका आमा-बाबु छौ, तिमी आफ्ना सन्तानसँग के आशा राख्दछौ ? विचार गर, हाम्रो तिनका प्रति के कर्तव्य छ ?

१

(३) सहृदय गाईको उपकारलाई को बिर्सन सक्तछ ? रुखासुखा घाँस खाएर अमृततुल्य दूध, दही, घिउ दिने, जसलाई खाएर नै हामी बलवान्, बुद्धिमान् हुने दाबा गर्दछौं, जसको प्यारो सन्तान आफ्नो शरीर जोतेर हाम्रो अन्नोत्पादनमा सहायता गर्दछ, मरेर पनि जो उपकार गर्न छोड्दैन । तिमी मानव हौ, विचार गर ! यी मूक दिव्य आत्माप्रति हाम्रो के कर्तव्य छ ?

ॐ श्री गुरुपरमात्मने नमः

# "म र मेरो कर्तव्य"

(४-५) गुरु र शास्त्रको कृपाले नै मनुष्यलाई सत्य र असत्यको, यो लोक र परलोकको, शुभ र अशुभको, हित र अहितको, पुण्य र पापको, कर्तव्य र अकर्तव्यको, बन्धन र मोक्षको, आफ्नो र ईश्वरका स्वरूपको परिचय प्राप्त हुन्छ, जुनबिना मानव दानव या पशुतुल्य भइहाल्दछ, उसको यो विवेक या ज्ञान एकमात्र गुरु र शास्त्रद्वारा नै प्राप्त हुन्छ। विचार गर तिनकाप्रति हाम्रो के कर्तव्य छ? २

यी पाँचकै सेवाको दृढ निश्चय गर। यही मनुष्यका निमित्त परम धर्म हो।

**सधैं स्मरण राख-**

धीरता, सहिष्णुता, जितेन्द्रियता, पवित्रता र सच्चरित्रता धर्म हुन्। यदि आफूलाई मानव मान्दछौ भने यी धर्मको अवश्य पालन गर।

# "म र मेरो कर्तव्य"

यस युगमा के शिक्षित, के अशिक्षित प्रायः अधिकांश जनसमुदाय सांसारिक भोगविलासलाई नै साँचो सुख मानेर केवल भौतिक उन्नतिकै चेष्टामा प्रवृत्त छ। यो विषयेन्द्रियजनित भौतिक सुख नाशवान्, क्षणिक, परिणाममा सर्वथा दुःखस्वरूप हो भन्ने परम सत्यलाई मनुष्यहरूले प्रायः बिर्सिसकेका छन्।

आजभोलि हाम्रा अनेक पाश्चात्य शिक्षाप्राप्त विद्वान् आफूलाई ठूलो विचारशील, तर्कनिपुण र बुद्धिमान मान्दछन्। यिनीहरू पाश्चात्यहरूको संगत, सहवास, उनीहरूको विलासप्रियता र जड इन्द्रिय-चरितार्थतालाई देखेर पाश्चात्य सभ्यताको मायामरिचिकामा मोहित भइरहेछन् तथा वेदशास्त्र कथित धर्मको सूक्ष्म तत्वलाई नजानेर प्राचीन आदर्श, सभ्यतालाई अवहेलना गरिरहेका छन्। तिनीहरूको हृदयमा यो विश्वास प्रायः हट्दै जान लागिरहेको छ अथवा हटी नै सकेको छ कि हाम्रा प्राचीन त्रिकालज्ञ ऋषिमुनिहरू जसको विचारशीलता, तर्कनिपुणता र बुद्धिमत्ता हामीहरूको भन्दा धेरै उच्च थियो, उनीहरूले हाम्रो उन्नतिका निमित्त जो मार्ग देखाएर गए त्यही सच्चा सुख प्राप्तिको यथार्थ मार्ग हो।



कुनै पनि जातिको उत्थान अथवा पतन आफ्नो वेशभूषा, खान-पिन, आचार-संस्कृतिको पालन अथवा त्याग गर्नाले हुन्छ। जो जाति यी ६ चीजको पालन गर्दै आफ्नो आदर्शबाट स्खलित हुँदैन, त्यसको अस्तित्वको नाश हुनु असम्भव छ। इतिहास यस सत्यको साक्षी छ। अतएव हामीले आफ्ना प्राचीन ऋषिमुनिहरूद्वारा आचरित रहन-सहन, वेशभूषा, स्वभाव र सभ्यताहरूकै अनुकरण गर्नुपर्दछ।

# "म र मेरो कर्तव्य"

कुनै अवस्थामा पनि स्वधर्मको त्याग गर्नु उचित छैन। गीतामा भगवान्‌ले भन्नुभएको छ-

श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात्।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः॥

(श्रीमद्भगवत्‌गीता-३।३५)

अर्थात् राम्रोसँग आचरण गरिएको अर्काको धर्मभन्दा गुणरहित भए पनि आफ्नो धर्म उत्तम छ। आफ्नो धर्ममा मरण पनि कल्याणकारक हुन्छ, अर्काको धर्म भयदायक हुन्छ।

४

## मानव जीवनको उद्देश्य

विचार गर्‍यो भने प्रत्येक बुद्धिमान् व्यक्ति यो कुरा सम्झन सक्तछ, मनुष्य जन्मको प्राप्ति कुनै अत्यन्त उत्तम लाभका निमित्त भएको हुनुपर्दछ। खानु, पिउनु, सुत्नु, मैथुन गर्नु आदि सांसारिक भोगजनित सुख त पशु-पक्षी आदि नीच योनिहरूमा पनि पाइन सक्तछन्। यदि मनुष्य जीवनको आयु पनि त्यस्तै सुख प्राप्तिमा गइहाल्यो भने मनुष्य जन्म पाएर हामीले के गर्‍यौं? मनुष्य जन्मको परम ध्येय त उस 'अनुपमेय सत्य सुख'- को प्राप्ति हो जुन बराबर कुनै दोस्रो सुख छँदैछैन।

सुखमात्यन्तिकं यत्तद्‌बुद्धिग्राह्यमतीन्द्रियम्।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः॥ (गीता ६।२१)

अर्थात् जो इन्द्रियदेखि पर छ, सूक्ष्म बुद्धिद्वारा ग्रहण गर्न योग्य आनन्दरूप छ, त्यसलाई जुन अवस्थामा योगीले अनुभव गर्दछ, त्यस अवस्थामा स्थित योगी भगवत्स्वरूपबाट विचलित हुँदैन।

ॐ श्री गुरुपरमात्मने नमः

# "म र मेरो कर्तव्य"

हाम्रो स्थिति त्यस पथभ्रान्तको जस्तो छ, जसको केही चीज हराएको छ। अनेकौं शताब्दीदेखि हामी त्यस हराएका वस्तुको खोजमा लागिरहेका छौँ। तर, त्यो हामीलाई प्राप्त हुनसकेको छैन। उसैको खोजमा हामी रात-दिन घुमिरहेका छौँ। जसको कुनै चीज हराउँछ उसलाई चैन कहाँ मिल्छ र ? उसको सम्पूर्ण जीवन अशान्त र दुःखद भइहाल्दछ, ऊ आफ्नो 'प्रिय' वस्तुको खोजमा व्याकुल छ, उदास छ, छटपटाइरहेको छ। हामी यस संसारमा आएका छौँ उसैको खोजिमा। मरेर पनि कहाँ जाने इच्छा छ ? उही त हो नि, जहाँ उसको प्राप्ति होस्। यही त जन्म-मरणको चक्र हो, केवल त्यस 'प्रिय वस्तु' को खोजका निमित्त।

कति मूर्ख यस्ता पनि छन् जो यस्तो भनेर हारेर बसेका छन्, हामीले खोज्नुपर्ने केही छँदैछैन जसलाई खोजौं। सारा संसार छानिसक्यौं, कहीं उसको पत्ता चलेन आदि। तर, धीर पुरुषहरूले हिम्मत हारेनन्। खोजमा लागी नै रहे। त्यस हराएको वस्तुका (सच्चित्सुखका) पदचिह्न पद-पदमा देखिँदा रहेछन् भन्ने तिनीहरूले थाहा पाए। तर, उनीहरू कुनै एक दिशातिर नगएर दशौं- दिशातिर गइरहेका थिए। मनुष्य हैरान भइहाल्यो, ऊ जाओस् पनि कहाँ ? माथितिर नजर उठाएर हेर्छ त टाउकै टाउका देखिन्छन्, चारैतिरबाट आँखाहरू उसलाई हेरिरहेका छन्- 'सहस्रशीर्षाः पुरुषः सहस्राक्षः सहस्रपात्।' ऊ व्याकुल छ, उसलाई बाटो पाइन लागेको छैन, ऊ देख्छ कि उसको सामुन्ने अनन्त द्वार छन् सब उघारिएका छन्, उसलाई प्रवेश निषेध त छैन तर ऊ पसोस् कुन द्वारबाट ? ५

## हराएको वस्तु आफैँसँग छ

हाम्रो हराएको वस्तु (प्रभु) अणु-अणुमा व्याप्त छ। हामी जुनसुकै अणुलाई उठाएर ईश्वरको स्मृतिका रूपमा आफूसँग राख्न सक्तछौं तर हामीलाई थाहा छैन, त्यस अनेकतामा लुकेको एकतालाई हामी सम्झन सक्तैनौ, हामी बिर्सन्छौं, यी अनन्त मार्ग एकै अन्तवान्मा छन्। यीमध्ये कुनै एक उठाउँदा सबै उठेर आउँछन्। हामी अल्मलिएका छौं, हामीले बिर्सेका छौं, हामी कसैको खोजमा छौं,

# "म र मेरो कर्तव्य"

खोज्दा-खोज्दै हामी हैरान छौं, तर टाढाको वस्तुलाई नजिक र नजिकको वस्तुलाई टाढा देखिराखेका छौं, दूरविनलाई उल्टो-सुल्टो दुवैतिरबाट हेरेर विचार गर। आफूलाई हेर्दा दूरविनको उल्टोतिरबाट हेरेझैं हेर्छौं र आफूलाई टाढा अनुभव गर्छौं। प्रकृतिलाई हेर्दा दूरविनको सुल्टोतिरबाट हेरेझैं हेर्छौं र दूरप्रकृतिका चीजहरूलाई नजिक अनुभव गर्दछौं।

हाम्रो हराएको वस्तु कहीँ टाढा छैन, नजिकभन्दा पनि नजिकमा छ 'अणोरणीयान् महतो महीयान्' तर हामीले दूरविन लगाएर नजिकका वस्तुलाई दूर र दूरको वस्तुलाई नजिक बनाएका छौं। हामीले आफ्नो दृष्टिलाई न स्थूल बनाउनु छ, न सूक्ष्म। ६

हरिण तिर्खाएको थियो। सामुन्ने मरुस्थल थियो। मरुमरीचिका देखेर पानी हो भन्ने सम्झ्यो, प्रसन्नताले कुद्न थाल्यो, एकै कुदाइमा त्यस स्थानमा पुग्यो तर त्यहाँ पानीको नामनिशान थिएन, खालि पानीको झलक वा प्रतीत मात्र थियो। केही टाढा फेरि त्यस्तै पानीको भान भयो। त्यहाँ पनि पुग्यो। पानी त्यहाँ पनि मिल्न सकेन, न प्यास नै शान्त भो। ए लाटो मृग ! तँलाई पानी यो मरुस्थल पार गरेपछि मात्र भेटिनेछ। ए लाटो जीव ! अमृतको खोज गर्ने हो भने प्रकृतिभन्दा पार पुगेर अहंकारलाई मिटाउनुपर्ला। अमृतत्व त्यही हो जो परम तत्वको प्राप्तिद्वारा उपलब्ध हुन्छ। यही श्रुतिले पनि भन्दछ-

उत्तिष्ठत जाग्रत प्राप्यवरान्निबोधत।
क्षुरस्य धारा निशितादुरत्यक्ता दुर्ग पथस्तत्कवयो वदन्ति।
(कठोपनिषद् १।३।१४)

उठ ! साधनामा लाग, अज्ञान निद्राबाट जाग ! एवं श्रेष्ठ विद्वान् जुन मार्गलाई छुराको धारसमान दुर्लङ्घ्य छ भन्दछन् त्यस मार्गलाई महापुरुषकहाँ गएर सम्झ।

# "म र मेरो कर्तव्य"

हामीलाई यो कुरा विचार गरेर आत्मग्लानि हुँदैन कि हामी व्यर्थ माया-मोहमा परिरहेका छौँ, आफ्ना देवदुर्लभ शरीरलाई नष्ट गरिरहेका छौँ, यही आश्चर्यको कुरा छ। हामी के पनि विचार गर्दैनौँ भने यो संसार एक धर्मशाला हो, हामी सबै एक रातका साथी मात्र हौँ, बिहान हुनासाथ सबले आ-आफ्नो बाटो लाग्नु छ। रातभरको निमित्त कसैसँग किन प्रेम र मोहको नाता जोडौँ अथवा कसैसँग किन वैरभाव गरौँ ? यो कुरा हामी विचार गर्दैनौँ कि जीवन एक्लै आएको हो, एक्लै जानेछ। धन, सम्पत्ति, परिवार कुनै पनि कुराहरूले साथ दिने छैनन्। आफ्ना राम्रा-नराम्रा कामहरू हाम्रो साथमा रहने छन्। लडाइँ-झगडा गरेर जन्म, मृत्यु, जरा, व्याधिको दुःखमाथि दुःख किन बढाउने ? प्रेम, शान्ति र सन्तोषसँग जीवन यापन गर्दै भगवान्को भजन गरेर जीवन सार्थक किन नगर्ने ? जीवनको अनमोल बत्ती बलिरहेको छ। यदि जुवा खेल्दै, मायाको ढुकुटी सम्हाल्दै, खराब पुस्तक पढ्दैमा यो बत्ती बलिरह्यो भने तेल समाप्त भइहाल्नेछ, प्रभु प्रेमको गीता पढ्न बाँकी नै रहनेछ। ७

## सत्यमार्ग

विवेक, वैराग्य हुँदा सत्य मार्गमा लागिन्छ तर हिँड्ने बित्तिकै तुरुन्त गन्तव्य स्थानमा पुग्न सकिन्न, धेरैपटक काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यका खाडलमा खस्नु, आत्माग्लानिको अनुभव हुनु स्वाभाविक छ। तर, धेरैपटक लडेर पनि सच्चा निष्ठावान् साधक सत्यमार्गमा हिँड्न छोड्दैनन्। यसकारणले नै वशिष्ठका सय छोराहरूको हत्या गरेर तथा कामावेगमा मेनका अप्सराबाट शकुन्तलालाई जन्म दिएर पनि विश्वामित्र अन्त्यमा ब्रह्मर्षि भएर नै छोडे। विल्वमंगल साधु भएर पनि परस्त्रीमा आसक्त भए फेरि आत्माग्लानि भएकाले आँखा फोरेर साधनाद्वारा अन्त्यमा सूरदास बनेर नै छोडे। जो पौडी खेल्न सिक्छ उसैको नाकमा पानी पस्छ, दर्शकहरू त किनाराबाट 'ओहो ! आहा !' आदि शब्द मात्रै गरिरहन्छन्, आफू केही पनि सिक्न सक्दैनन्। हरेक वस्तु त्याग र बलिदानबाट नै प्राप्त हुन्छ। जो साहसी, उद्यमी र विवेकी छ त्यो नै कामक्रोधादिमा धेरैपटक परेर पनि सत्य मार्गमा हिँड्न छोड्दैन। जस्तै धेरैपटक

घाटा पर्दा या अनावृष्टि, अतिवृष्टि हुँदा पनि व्यापारी या किसान आफ्नो काम छोड्दैनन्, उसरी नै कामक्रोधादिमा धेरैपटक परेर पनि साधकले परमात्मा प्राप्त गर्ने प्रयत्न छोड्दैनन्।

८

## आशक्ति त्याग

यो असफलता खस्नु, उक्लनु आदि आशक्तिको कारण नै विशेष प्रतीत हुन्छ। जीवनको गङ्गा एक सोझो रेखामा बगेर समुद्रसँग मिल्दैन। जसरी निरन्तर समुद्रतिर बढ्ने गङ्गा बाङ्गोटिङ्गो भएर बग्दछ त्यसरी नै जीवन पनि भुल्दै, भट्कँदै परमात्मातिर बढिरहेको हुन्छ। जीवनको भूमि समथल नहुनाले बासना र विवेकको उपत्यका र पहाड हुँदै अगाडि बढ्दा आत्मदेवका मन्दिरले कहिले दर्शन पाउँछ, कहिले पाउँदैन।

आफ्ना गल्तीहरूमा आत्मग्लानि हुनु त राम्रो हो, यसबाट शुभाचरणको प्रेरणा मिल्दछ, तर त्यसैलाई लिएर शोकमग्न भएर बसिरहनु एक निन्द्य अभिशाप हो। आफूतिरबाट परमात्माको स्मरण गर्नमा अनाशक्तिपूर्वक कर्तव्यकार्य पूरा गर्नमा प्रमाद गर्नु हुँदैन, बिर्सीबिर्सीकन नै परमात्माको स्मृति अखण्ड हुन्छ। बालक घरिघरि लडेर नै हिँड्न सिक्दछ, घरिघरि बिर्सेर आफ्नो शिक्षाभ्यास गर्दछ, प्रियतमसँग विछोड हुँदा नै प्रियतमसँग मिल्नाको आनन्द आउँछ। तुलसीदासले पनि कति सुन्दर शब्दमा भनेका छन्-

जाकर जापल सत्य सनेहू सो तेही मिले न कछु सन्देहू।
हरि व्यापक सर्वत्र समाना प्रेम ते प्रकट होही मैं जाना।

यी सबै कुरा सम्झेर, बुझेर हामी आफूलाई चिन्ताबाट सदा मुक्त राख्न सिकौं। आशक्तिवश नै प्रियवस्तु, व्यक्ति, परिस्थिति बन्नु-बिग्रनुको फन्दामा व्यर्थ शोक लिनु नै चिन्ता हो। चिताले मृत व्यक्तिलाई जलाउँछ, चिन्ताले जिउँदो व्यक्तिलाई पनि जलाउँछ। यसले स्वास्थ्य बिग्रन्छ, विचारशक्ति कुण्ठित हुन्छ, शान्तिलाई भङ्ग

गरेर जीवनलाई दुःखमय बनाउँछ। चिन्ता नै शक्तिको दुरुपयोग, आशक्ति र अहंकारको कारण हुन्छ।



## अनावश्यक चिन्ता त्याग

वर्तमान कालमा आफ्नो जिम्मा आएको कर्तव्यकर्मलाई नगरेर भूत-भविष्यको नै अनावश्यक चिन्तन गरिरहनु शक्तिको दुरुपयोग हो। पूरा शक्तिले आफ्नो कर्तव्यमा संलग्न भइरह्यो भने चिन्ता गर्ने समय र शक्ति नै रहँदैन, जसरी नदीमा डुबुल्की लगाउँदा बाह्य संसार देखिन्न त्यसरी नै कर्तव्यकर्ममा पूर्ण मनले जुटिरह्यो भने चिन्ता रहँदैन। चिन्ता स्वभाव होइन। त्यसो भए प्रत्येक क्षण, प्रत्येक अवस्थामा रहनुपर्थ्यो। रुपैयाँ गन्ती गर्दा, स्वादिष्ट भोजन खाँदा, स्वप्न अथवा निद्रा अवस्थामा चिन्ता कहाँ जान्छ? आफ्नो साधनाको परिश्रममा प्रमाद गर्नाले, साधनामा लागेको शक्तिभन्दा बाँकी रहन गएको शक्तिको दुरुपयोगले चिन्ता उत्पन्न हुन्छ। गङ्गाको जो जल मुख्य धारमा नबगेर यताउति कहीँ रोकिन्छ त्यही जल फोहोरमैला ठाउँमा परेर सुक्छ, कुहिन्छ। मुख्य धारमा निरन्तर बग्ने कष्ट नउठाउनाले नै त्यो जल समुद्रमा मिल्ने आनन्ददेखि वञ्चित रहन्छ।

कुनै नोकर आफूले गर्नुपर्ने काम नगरेर लुकी छिपीकन बिँडी पिइरहन्छ या बसिरहन्छ भने उसैलाई मालिक आउने डर हुन्छ, काम हेर्ने चिन्ता हुन्छ। काम गर्ने नोकर त निश्चित रहन्छ। यस्तै प्रकारले परमात्म साधनामा प्रमाद गर्नेहरूलाई नै दुश्चिन्ता आएर घेर्दछ, साधनारतलाई कुनै पनि चिन्ता हुँदैन। जब एउटा कामचोर नोकर निश्चित रहन सक्दैन भने परमात्माको शक्ति परमात्मा प्राप्त गर्ने काममा नलगाएर विषय प्राप्तिमा लगाउने, परमात्मा शक्तिको चोरी गर्ने व्यक्ति कसरी निश्चित रहन सक्दछ? परमात्माको शक्ति परमात्मा प्राप्त गर्ने काममा लगाएर नै निश्चित रहन सकिन्छ।

वर्तमान कालमा आफ्नो बाह्य र आन्तरिक दशाको हेर-विचार गर, आफ्नो सामर्थ्य, योग्यता र परिस्थितिको पनि विचार गर अनि मात्र राम्रोभन्दा राम्रो जीवनको निर्वाह र प्रभुप्राप्तिको मार्ग समात्न सक्नेछौ। प्रभुसँग डटेर प्रेम गर। चिन्ता स्वतः नष्ट भइहाल्नेछ तर

# "म र मेरो कर्तव्य"

चिन्ता नगर्नुको आशय आवश्यक विषयका पूर्तिको विचार र प्रयास नगर्नु होइन। आवश्यक विषयका पूर्तिको विचार प्रयास त पूर्णतया गर्नुपर्दछ तर त्यसभन्दा अतिरिक्त अन्य विचार आएमा त्यसको स्थानमा परमेश्वरको चिन्तन या अन्य पवित्र कार्य गर्नुपर्दछ। यथासमय कुनै विषयको रूपरेखा र कार्यप्रणालीको विचार गर्नु एक कुरा हो, सधैं त्यसै विषयमा चिन्तन गरिरहनु अर्कै कुरा हो। असल वकील, वैज्ञानिक र दार्शनिक यो कुरा राम्ररी बुझ्दछन्। जब ती कुनै समस्याको एकपटक राम्रोसँग विचार गर्दा पनि समाधान पाउँदैनन् त्यसलाई त्यत्तिकै छोडिदिन्छन्, बिर्सिदिन्छन्। पछि त्यस समस्याको सुन्दर समाधान अनायास नै निश्चित अवस्थामा पाइहालिन्छ। उचित समयमा नै यी सबै कुराको यथाशक्ति विचार र प्रयास गर्नुपर्दछ। जो व्यक्ति जरा, व्याधि, मृत्युभन्दा पूर्व नै संसारको नश्वरता विचार गरेर त्यसबाट वैराग्य लिएर साधन-भजनमा प्रवृत्त हुँदैन त्यही व्यक्ति आखिरमा पछुताउँछ। आगो लागेपछि कुवा खन्नाले केही काम हुँदैन। भगवान्ले भन्नुभएको छ-



इन्द्रियार्थेषु वैराग्यमनहंकार एव च।
जन्ममृत्युजराव्याधिदु:खदोषानुदर्शनम्॥ (गीता-१३।८)

अर्थात् इन्द्रियहरूका विषयमा आशक्तिको अभाव, अहंकारको पनि अभाव जीवनका जन्म, मरण, वृद्धावस्था, रोगादिहरूमा बारम्बार दोष दर्शनद्वारा आत्मा जानिन्छ।

यथासमय, यथाशक्ति प्रयास गर्दा पनि सफल हुन नसकेमा चिन्तित हुनुहुँदैन। छोरीको बिहे हुँदैन, आत्मीय जनको रोग ठीक हुँदैन, आजीविकाको व्यवस्था राम्रो हुँदैन भने पनि चिन्ता लिनु हुँदैन। संसारमा कैयौं पुरुष, स्त्री, रोगी, भोका र मरणासन्न छन् के हामी उनको चिन्ता गर्दछौं ?

# "म र मेरो कर्तव्य"

छोरी विवाहित भएर पनि विधवा हुन सक्छे, इष्ट राम्रो भएर पनि क्यान्सर हुन सक्छ, आजीविकाको व्यवस्था भए पनि पति या पत्नीको मृत्यु हुन सक्छ। यस किसिमसँग संसारमा कुनै न कुनै दुःखले पछ्याएकै हुन्छ। शरीर रहँदासम्म कुनै न कुनै समस्या खडा भई नै रहन्छ भने चिन्ताबाट छुटकारा कहिले मिल्ने ? भगवत् प्राप्ति र मुक्तिको द्वार सदाको निम्ति बन्द नै रहने भयो।

आफैं विचार गर कुमारी सुलभा र गार्गी राम्रा हुँदाहुँदै सुलभाले आफूयोग्य वर नपाएर सन्यास धर्म लिइन्, पछि यस्तो उच्चस्थिति प्राप्त गरिन् कि राजा जनक जस्ताको पनि ज्ञानको परीक्षा लिन समर्थ भइन्। गार्गीले ऋषि याज्ञवल्क्यसँग ब्रह्मविद्यामा शास्त्रार्थ गरिन्। योगवाशिष्ठ र छान्दोग्य उपनिषद्मा यी कथाहरूको सुन्दर वर्णन छ। सात दिनमा मृत्यु हुने निश्चित जानेर सारा विषयभोगदेखि मुख मोडेर भगवान्को चिन्तन गर्ने राजा परीक्षित के महात्मा थिएनन् ? छाला झिक्दा पनि 'अनलहक'-को गम्भीर शब्द गर्ने महात्मा मन्सुर के आफ्नो ब्राह्मीस्थितिबाट च्युत भएका थिए ? शूलीमा चढाइँदा पनि ईशाले आफ्नो ब्राह्मीस्थितिलाई के छोडिदिएका थिए ? के सुकरातले विषपान गर्नुपर्दा पनि सत्यपथको त्याग गरेथे ? काजीका कोर्राको चोट सहँदा मूर्छित भएर ढल्ने हरिदास के भगवत्प्रेमको आनन्दबाट विचलित भएका थिए ? ११

चिन्ता हट्नै सक्दैन भन्ने कुरालाई लिएर हामीले चिन्तालाई प्रबल संरक्षण दिइराखेका छौं। शरीरको कष्ट एक कुरा हो, मानसिक दुःख अर्कै कुरा। शरीरको दुःख-कष्ट शरीर रहँदासम्म प्रारब्ध भोगानुसार आउने नै भयो तर मानसिक दुःखलाई विचार र पुरुषार्थको बलमा छुट्कारा दिन सकिन्छ।

राजा हरिश्चन्द्र रानी शैब्यासँग पुत्र जलाउने करको रूपमा आफ्नो धोती च्यातेर दिन विवश गर्दछन्, तर धर्मपथमा अविचल र निश्चिन्त हुन्छन्। जटायु एक अबला स्त्रीको रक्षाका निमित्त पँखेटा काटिएर तडफडाएर खसुन्जेलसम्म रावणसँग सहर्ष, निश्चिन्ततापूर्वक लड्दै रहे। राजरानी मीरा आफ्नै गिरिधर गोपालको निमित्त यातनाहरूका बीचमा जीवन यापन गर्दै रहिन्, तर उनले आफ्नो

# "म र मेरो कर्तव्य"

प्रियतमको प्रेमको नशामा घोर विषलाई पनि पचाइदिइन् साथै निश्चिन्ततापूर्वक गोविन्द-मिलनको मार्गमा अडिग रहिन् ।

अहो ! कस्तो विलक्षण स्थिति हो ! हामी र तपाईं पनि के यस्तो स्थिति प्राप्त गर्न सक्दैनौं ? अवश्य सक्दछौं । जो सत्य छ त्यो देश, काल, परिस्थितिदेखि पर रहेर सबैमा समानरूपले लागू हुन्छ । यदि ट्रान्जिष्टर ठीक छ र सियो पनि ठीक स्थानमा लागेको छ भने त्यसमा पनि त्यही शब्द आउनुपर्दछ जो अन्य कुनै ट्रान्जिष्टरमा आउँछ । हामी व्यर्थमा आफूलाई कमजोर छौं, खराब छौं भन्ने विचार गरी-गरिकन आफूलाई कमजोर र खराब बनाइराख्छौं । यदि हामीबाट भूतकालमा कुनै खराबी भएकै रहेछ भने पनि त्यो के अहिले पनि हामीसँग जोडिएकै होला ? आखिर वाल्मीकि, विश्वामित्र, सूरदास, तुलसीदास पनि त एक दिन घोर कामी, क्रोधी, लोभी, मोही र हत्यारा थिए । वेश्या, गिद्ध, अजामिल आदिले भगवान्को शरणमा शान्ति प्राप्त गरेका छन् । 

हामीलाई के कुराको याद हुनुपर्दछ भने पापकै हिलोमा पुण्यको कमल फुल्दछ । हामीले निश्चिन्त भएर भगवान् प्राप्तिको प्रयास गर्नुपर्दछ । भगवान्को अमोघ आश्वासन छ :-

सन्मुख होय जीव मोहि जब ही ।
कोटि जन्म अघनाशौं तब ही ॥

भगवान् राम भन्नुहुन्छ- जीवन जुन बखत मेरो सन्मुख हुन्छ उसका करोडौं जन्मका पाप उसै क्षण म नाश गरिदिन्छु । हामी पहिलेदेखि खराबभन्दा खराब किन न हौं, भगवान्को अभयप्रदा वाणी यसप्रकार छ -

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि ॥ (गीता ४।३६)

अर्थात् सबै पापीहरूमा अत्यन्त पापी भए पनि ज्ञानरूपी डुङ्गाद्वारा सम्पूर्ण पापहरूबाट निश्चय नै पार हुनेछौं



अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥
क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय प्रति जानीहि न मे भक्तः प्रणश्यति ॥ (गीता ९।३०-३१)

अर्थात् अतिशय दुराचारी मानिस पनि अनन्य भावले मेरो भजन गर्छ भने ऊ साधु नै मानिन योग्य छ, किनभने उसको ईश्वरमा पूर्ण आस्थामा निश्चय छ अर्थात् परमात्माको भजन नै जीवनको सार हो भन्ने कुरा उसले राम्रोसँग बुझेको छ । ऊ छिटै नै धर्मात्मा भइहाल्दछ, सधैं रहने अटल शान्ति प्राप्त गर्दछ । हे अर्जुन ! यो कुरा सत्य जान कि मेरो भक्त कहिले पनि नष्ट हुँदैन । निश्चय गर-जीवन अनन्त छ, जीवनका सम्भावनाहरू पनि अनन्त छन् । त्यसमा निराशाको कुनै स्थान छैन, सानातिना घटनाहरूले प्रभावित भएर डराउनु हुँदैन । श्रुति भन्दछ-

उत्थातव्यं जागृतव्यं योक्तव्यं भूरिकर्मसु ।

अर्थात् उठ, जाग, असल-असल कल्याणकारी कार्यमा लाग । यो निश्चय राख कि हाम्रो कार्य अवश्य हुनेछ, एकचोटि अवश्य हुनेछ । किनभने तिमी अनन्त हौ, तिम्रो संकल्पमा अनन्त शक्ति छ, यसकारण-

व्यर्थ अर्काको प्रशंसा र आलोचनाको चिन्ता नगर । अर्काको निन्दा र स्तुतिले प्रभावित हुनु आफ्नो खोक्रोपनाको प्रमाण हो । हावामा कागज उड्छ-ढुङ्गा अचल रहन्छ । अर्काले राम्रो, नराम्रो भन्नाले, मान-सम्मान दिनाले वा नदिनाले हाम्रो के हुन्छ ? जुन दिन तिमी आफ्नो विवेक दृष्टिमा असल भइहाल्नेछौ त्यो दिन अर्काको मान-अपमान, निन्दा-स्तुतिको बिलकुल परवाह रहने छैन । वास्तवमा हामी व्यभिचारी बनिरहौं, हामीलाई संसार सदाचारी सम्झोस्, हामी

घूसखोर बनिरहौं, संसार हामीलाई इमान्दार सम्झोस्, हामी दुष्ट बनौं, संसार सज्जन सम्झोस्-प्रत्येक क्षेत्रमा यही कुरा लागू हुन्छ । गरिब, गुणहीन, डरपोक, लोभी भएर पनि धनवान्, गुणवान्, साहसी, उदार हुने इच्छा र चिन्तामा हामी हैरान हुन्छौं । आफू यथार्थमा त्यस्तो नभएर पनि त्यस्तो हुन चाहने इच्छा नै चिन्ताको कारण हो । माथिबाट क्रिम, पाउडर दलेर क्षणभरका निमित्त आफ्नो अनुहार सुन्दर देखाउन सकिएला तर मुखको कुरुपता दूर हुने होइन । शान्ति प्राप्तिको निमित्त अरूमाथि निर्भर रहने इच्छा छोड्नुपर्दछ ।

## आत्म-दृष्टि

रास्रोसँग सावधान हुन सक्यौ भने संसारको दृष्टिमा तिमी बच्न सक्नेछौ तर आफ्नो दृष्टिमा कदापि बच्न सक्दैनौ । भ्रममा जति पर रहे पनि जबसम्म आफ्नो दृष्टिमा ठीक भइन्न । तबसम्म आन्तरिक ग्लानि र व्यथा सञ्चो हुँदैन । तिमी भोका छौ तर संसारले तिमीले अनेक किसिमका स्वादिष्ट भोजन खाएका छौ भन्छ भने के तिम्रो भोकको ज्वाला शान्त हुन सक्छ ? 

तिमी भयङ्कर उदरशुलले पीडित छौ, अरूले स्वस्थ छौ भन्छ भने के तिम्रो पेट-दुखाइ ठीक हुन सक्छ ? हामी लोभ-पापमा अनुरक्त छौं, संसारले हामीलाई निष्काम, आत्माराम भन्छ भने हाम्रो वासनाको वेग शान्त हुन सक्छ ? हामीले यी कुराहरूमा विचार गर्नु पर्दछ, अरूका कुराको वास्ता नगरीकन सत्य मार्गमा दृढतापूर्वक अगाडि बढ्नुपर्दछ । जुन वस्तुलाई हामीले आफ्नू दृष्टिले हेर्नुपर्ने हो उसलाई दुनियाँको दृष्टिले हेर्दछौं, आफूलाई बुद्धिमान् ठान्छौं, यो कुरा ठीक होइन ।

आफ्नो कपाल-दुखाइ आफ्नै मनको राग-द्वेषबाट हुन्छ । भगवान्का प्रति निष्ठा-प्रतिष्ठालाई हामी नै जान्दछौं । जुन चीज हामी स्वयंले जान्नुपर्ने हो उसलाई स्वयं नै जान्नुपर्दछ र ठीक नभएमा ठीक गर्नुपर्दछ । अहंकारवश अर्काको कुरामा चिन्ता र वास्ता गर्नाले कर्मको अनिवार्य विधान बदल्न सक्दैन । यसमा हाम्रो कुनै

छट्टूपना र चलाकीपनाले काम चल्न सक्दैन। खुर्सानी बढी खाँदा पेटमा जलन अवश्य नै हुन्छ। लसुन, प्याज, हिङ खाए दुर्गन्ध डकार अवश्य नै आउँछ। रक्सी पिएपछि नशा अवश्य नै चढ्छ। प्रत्येक क्षेत्रमा यही कुरा लागू हुन्छ। असंयमले स्वास्थ्यनाश, बेइमानीले माननाश, परपीडाले शान्तिनाश अवश्यम्भावी छ। यस्तै किसिमसँग सेवाले प्रेम, सत्यले मान, भगवद्भजनले शान्ति र भगवद्प्राप्ति निश्चित छ। प्रत्येक वस्तुको एक विधान हुन्छ। संयमले नियम, नियमले प्रेम, प्रेमले प्रेमास्पद भगवान्को दर्शन अवश्य हुन्छ। भगवान्को दर्शनले क्षुद्र अहंकार गलित हुन्छ र परमशान्तिको लाभ हुन्छ।

## विचारशील व्यक्ति

विचार गर, जो हाम्रै समान काम, क्रोध र मानका दास छन् उनले मान, सम्मान दिनाले अथवा नदिनाले के हुन्छ ? जो हामी जस्तै भिक्षाको झोली भिरेर मायाका गल्लीहरूमा घुमिरहन्छन् ती हामीलाई के देलान् ? अर्काको धन, मान, प्रेम पाएर के हामी कृतार्थ हुन सक्छौं ? विचारशील व्यक्तिले संयम, नियम, तप, त्याग, ज्ञान र ध्यानमा नै अर्कासँग होडबाजी लगाएर आफ्नो जाँच गर्नु पर्दछ। अर्काको सजिसजाउपन र विलासितामा होड लगाउनु मूर्खता हो। अहंकारले पतन अवश्यम्भावी छ।



भगवान् छन् या छैनन् यसको निर्णय कसले गर्ने ? जुन आँखावालाले सूर्यको सत्ताको दर्शन गरिसके ती अन्धाहरूद्वारा उसको सत्ता प्रमाणित गराउने फेरमा पर्दैनन्, किनभने उनीहरू जान्दछन् कि सूर्य मानेर पनि अन्धाहरू खाल्टोमा पर्नबाट बच्न सक्दैनन्। यदि सहृदय छन् भने वादविवादमा नपरेर आफ्नो नेत्रज्योति प्राप्त गर्ने प्रयास गर्दछन्। विवेकवान् महापुरुषहरू पनि आफ्नो विचार अर्काद्वारा मनाउने चक्करमा नपरेर तदनुसार आफ्नो जीवन बनाउने प्रयास गर्दछन् र उनको निष्ठा, अनुभूति र आत्मारामता अरूहरूलाई पनि सत्य पथमा आरुढ हुने प्रेरणा दिन्छ। आस्तिक होस् वा नास्तिक,

# "म र मेरो कर्तव्य"

सुन्दर स्वास्थ्य सबैलाई प्रिय छ, रोग-व्याध कसैलाई प्रिय छैन। शरीरको आरोग्यताजस्तै मनको आरोग्यता पनि छ, उसलाई विशेष आनन्द पनि छ। रोगीको मन काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यको डसाइले निरन्तर दुःखी भइरहन्छ। स्वस्थ मन आशक्ति कामना र अन्तर्द्वन्द्वको दुर्गन्धदेखि मुक्त रहेर सदैव प्रसन्न रहन्छ। हरेक देश, काल, परिस्थितिमा शुद्ध मन भएकाहरू आत्मबोधको अखण्डशिलामा अचल र प्रतिष्ठित रहन्छन्। मनको यो स्वस्थता नै स्थितप्रज्ञता अथवा भगवत्प्राप्तिको लक्षण हो। शरीरको पुष्टि र स्वच्छताको निमित्त जसरी नित्य जलपान, भोजन, शयन एवं स्नानादिको व्यवस्था गर्नुपर्दछ उसरी नै मनलाई स्वच्छ, सात्विक र भगवत्परायण राख्नका निमित्त नित्य सत्संग, स्वाध्याय, साधन, भजनको व्यवस्था गर्नु आवश्यक छ। जसरी शरीर स्वस्थ राख्नका निमित्त उचित भोजन, शयनादिको साथ-साथै संयम आवश्यक छ, त्यसरी नै साधनाको साथ-साथ संयमको आवश्यकता छ। संयमको महत्त्वका सम्बन्धमा कुनै आस्था-अनास्थाको प्रश्न छैन, यसको महत्त्व हरेकको सामुन्ने सूर्यको प्रकाश समान स्पष्ट छ। संयमले शक्ति सम्पादन एवं सन्तोष तथा भोगले शक्तिको अपव्यय एवं ग्लानिको अनुभव हुन्छ। आरम्भमा स्थूल विषयमा गरिएको इन्द्रियसंयम कालान्तरमा वासनाहरूका सूक्ष्म विषयहरूमा संयमित रहने शक्ति प्राप्त गराउँछ। साधकले अति भोजन, अति भाषण, अति निद्राको त्याग गर्नुपर्दछ।

## विचारको महत्ता



मानिसमा विचारशीलताकै महत्त्व छ। विचारद्वारा नै सुख-दुःख, नित्य-अनित्य, श्रेय र प्रेम वस्तुहरूको रहस्य बुझ्नुपर्दछ। जीवनमा यो सजिलैसँग बुझ्न सकिन्छ कि प्रत्येक वस्तु स्वभावले परिवर्तनशील छ, कुनै वस्तु स्थिर छैन, वस्तुलाई भोग गर्ने शक्ति पनि क्रमैसँग क्षीण हुँदै जान्छ। विचार, अवस्था, अनुभव, काल र शक्तिको प्रभावले भोगवासना पनि कुनै पदार्थमा सधैं एक जस्तो रहँदैन। एकै

# "म र मेरो कर्तव्य"

नदीमा दुईबाजी डुबुल्की लाग्दैन किनभने जलको प्रवाह निरन्तर बदलिरहन्छ। जुन वस्तु बिहान राम्रो लाग्छ त्यही मध्याह्नमा राम्रो लाग्दैन। मध्याह्नमा राम्रो लाग्ने वस्तु रातिमा राम्रो लाग्दैन। जो बाल्यावस्थामा राम्रो लाग्दथ्यो त्यो यौवनमा राम्रो लाग्दैन। जो यौवनमा राम्रो लाग्छ त्यो वृद्धावस्थामा राम्रो लाग्दैन। मन आफैं नित्य उत्थान र लय हुने स्वभावको र विकारी छ। अतएव निश्चित् छ कि स्थायी सुख र शान्तिको निमित्त अस्थिर मनको नाशवान् पदार्थप्रतिको चञ्चल लिप्सालाई त्याग गर्नुपर्छ। यसरी नित्य वस्तुको खोज गर्नुपर्छ। वास्तवमा दुर्वासनाहरू नै दुर्गतिका जड हुन्। १७

## प्यारो त आफू हो

सुषुप्तिको गाढा अवस्थामा मन अज्ञानमा लीन भइहाल्दछ। मन लीन भएपछि संसारको केही भान हुँदैन। त्यस अवस्थामा आफूबाहेक अरू केही नरहँदा कुनै अभाव पनि प्रतीत हुँदैन, प्रत्युतः आनन्दकै अनुभव हुन्छ। यसबाट यही सिद्ध हुन्छ कि आफू आफैंमा पूर्ण र आनन्दमय छ। यस्तै प्रकारले प्राणीहरूलाई सुख अत्यन्त प्रिय छ। उसको परम प्रियतम आफू नै हो र ऊ स्वयं परमानन्द रूप हो। श्रुतिले भनेको पनि छ-

'न वा अरे सर्वस्य कामाय सर्व प्रियं भवति। आत्मनस्तु कामाय सर्वप्रियं भवति' अर्थात् प्रियतम आत्माको निमित्त नै प्राण, इन्द्रिय, शरीर, पुत्र, परिवार एवं धन आदिसँग प्रेम गरिन्छ, आफ्नो प्रतिकूल परेमा यी सबैको त्याग या बहिष्कार गरिन्छ। सुषुप्तिको अज्ञान दशामा जुन निर्वैषयिक आनन्दको अनुभव हुन्छ उसैको जाग्रत्को अतिन्द्रिय चैतन्य दशामा अपरोक्षानुभव गर्नु नै जीवनको परम लक्ष्य या भवबन्धनबाट मुक्तिको उपाय हो।

## साक्षी आत्मा

जाग्रत्, स्वप्न र सुषुप्ति तथा शैशव, यौवन र वार्द्धक्यका अवस्थाहरू बदलिँदै रहन्छन्। तर, यिनलाई सिद्ध गर्ने र बदलिने वस्तुहरूलाई जान्ने साक्षी सधैँ जस्ताको तस्तै रहन्छ। उसमा कुनै परिवर्तन हुँदैन। अस्थिर वस्तुहरूको पर्यवेक्षण स्थिर तत्त्व नै गर्दछ। शरीर क्षीण या पुष्ट भइरहन्छ, तर शरीर सधैँ एकरस रहन्छ। शरीरको कुनै अङ्ग काटिनाले म काटिएँ भन्ने अनुभव कसैलाई पनि हुँदैन। आत्मजिज्ञासा गर्नाले देह, इन्द्रिय, प्राण, मन, बुद्धि आदि सबै दृश्य विकारी, परिवर्तनशील र अपूर्ण प्रतीत हुन्छन्। यिनलाई जान्ने द्रष्टा आत्मा नै अविकारी, अपरिवर्तनशील र पूर्ण प्रतीत हुन्छ, द्रष्टा र दृश्यदेखि सर्वदा भिन्न रहन्छ। शरीरको अभ्यास छोडेर सच्चिदानन्द स्वरूप ब्रह्ममा स्थितिलाभ गर्नु नै परम पुरुषार्थ हो। १८

हरेक प्राणी सुख चाहन्छ र सुखको निदान एक मात्र परमात्मा छ यसकारण मूलतः प्रत्येक प्राणी आस्तिक या भक्त नै छ। सुखको खोज नै परमात्माको खोज हो तथा विषय-सुख पनि वास्तवमा परमात्मसुख नै हो तर विषय-सुखमा सुख अज्ञानजन्य हुन्छ किनभने यो सुख वस्तु, व्यक्ति, परिस्थिति, मन र बुद्धिका क्षुद्र कलुषित आवरणले आवृत रहन्छ। परमात्मसुखमा भने सुख विशुद्ध र अनावृत रहन्छ। मानौँ दर्पणको माध्यमले प्राप्त सूर्यको प्रकाश विषय-सुख हो, सोझै सूर्यको प्रकाश परमात्मसुख हो। विषय-सुख परोक्ष, परिच्छिन्न, अनित्य र विनाशयुक्त हुन्छ, तर परमात्मसुख अपरोक्ष, असीम, नित्य र एकरस हुन्छ। जीवको पारमार्थिक अनन्त-सुखको चाहना कहिले पनि वैषयिक सुखले तृप्त हुँदैन। यसकारण जीव परमात्माको साक्षात्कार नहुँदासम्म कहिले पनि पूर्ण तृप्त या कृतकृत्य हुँदैन।

## विषयमा सुख छैन

विषय- सुखमा मनको स्थिरताको कारण त्यस समयमा आत्मानन्दको आभास प्राप्त हुन्छ। यसै कारणले जनसाधारण विषयकै संग्रहमा रत रहन्छ किन्तु विवेकी पुरुष जान्दछन् कि विषय सुखरूप

होइन किनभने कुनै आत्मीय व्यक्तिको मृत्युको समाचार पाउँदा या भोगशक्ति क्षीण हुँदा अथवा कुनै अन्य पदार्थको तीव्र कामना जाग्रत् हुँदा विषयको सुखमयता भङ्ग भइहाल्दछ। ब्रह्मानन्दको प्राप्तिमा विषयानन्द नै बाधक छ। विषयानन्दले नै ब्रह्मानन्दको प्यासलाई कुण्ठित गरिदिन्छ। विषय-सुखका आशक्ति नै ब्रह्मानन्दको चाहनालाई जाग्रत् हुन दिँदैन। जो संयतेन्द्रिय पुरुष विषय-सुखबाट वैराग्य लिन्छन् ती नै परमसुखको निमित्त लालायित रहन्छन्। जो मुमुक्षु साधक विषयानन्दको उपेक्षा गरेर ब्रह्मानन्दको ऐकान्तिक सुखको चाहना गर्दछन्, उनको इच्छा निःसन्देह पूर्ण हुन्छ। दूधमा घिउसमान परमात्मा सर्वत्र विद्यमान छ, तर उसको चाहना मनलाई नै हुन्छ अतएव मनका लागि मनमा नै निकटतम रूपमा मनन गर्नु पर्दछ। जसरी दूधबाट घिउ मन्थनबिना प्राप्त हुन सक्दैन त्यसरी नै मनमा पनि मननबिना परमात्माको बोध हुन सक्दैन। पहिले अभ्यास र वैराग्यद्वारा मनको शुद्धि गर्नुपर्दछ, त्यसपछि निर्विकल्प अवस्थामा परमात्माको बोध हुन्छ।



प्रणवो धनुः शरो ह्यात्मा ब्रह्म तल्लक्ष्यमुच्यते।
अप्रमत्तेन वेद्धव्यं शरवत्तन्मयो भवेत्॥ (मुण्डकोपनिषद् २।४)

अर्थात् प्रणव धनु हो, शर मन हो, ब्रह्म त्यसको लक्ष्य हो, लक्ष्यलाई सावधानीपूर्वक बेधन गर्नुपर्दछ, वाण सदृश तन्मय हुनुपर्दछ।

स्वदेहमरणिं कृत्वा प्रणवं चोत्तरारणिम्।
ध्याननिर्मथनाभ्यासाद्देवं पश्येन्निगूढवत्॥ (श्वेतोपनिषद् १।१४)

अर्थात् आफ्नो शरीरलाई अधरारणी (अग्निमन्थन गर्ने तल्लो काठ) र प्रणवलाई उत्तरारणी (अग्निमन्थन गर्ने माथिको काठ) बनाएर

ध्यानरूपी मन्थनद्वारा बारम्बार मन्थन गर्दा प्रकट भएको अग्निसदृश परम ज्योतिलाई हेरोस् !

## मनको स्वभाव

२०

मन जलसमान छ। जस्तै जल स्वभावैले तलतिर नै दगुर्छ त्यस्तै मन पनि विषय-भोगतिर नै दगुर्छ। जसरी जल अग्निको ताप पाएर ऊर्ध्वगमन गर्छ त्यसरी नै मन साधनाको अभ्यासले आत्मचिन्तन गर्दछ। जसरी जलप्रवाह रोक्नाले त्यसको शक्तिको ज्ञान हुन्छ, त्यसरी नै मनलाई रोक्नाले त्यसको शक्तिको ज्ञान हुन्छ। जस्तै जलको आफ्नो कुनै विशेष आकार हुँदैन, जुन भाँडोमा राख्यो उसैको आकार लिन्छ, त्यस्तै मनको पनि विशेष आकार छैन। जब यो जगत्को चिन्तन गर्दछ जगदाकार हुन्छ, जब यो ब्रह्मचिन्तन गर्दछ ब्रह्माकार भइहाल्दछ। जस्तै जल नै शीतको प्रभावले हिमरूप र तापको प्रभावले वाष्परूप भइहाल्दछ, त्यसरी नै मन अज्ञानको प्रभावले जगत्रूप र ज्ञानको प्रभावले ब्रह्मरूप भइहाल्दछ। वस्तुतः मन, जगत् र ब्रह्ममा सत्तात्मक भेद छैन र यी एकै सत्तामा विभिन्न प्रकाशन हुन्। जस्तै एक जल वाफ, हिम, बुद्बुद, फिँज र तरङ्ग आदि नाना रूपमा प्रकट हुन्छ, त्यस्तै एक परमार्थ सत्ता नै दृश्य, अदृश्य रूपमा अभिव्यक्त हुन्छ। मन मनन मात्र हो, मान्नाले नै मनको प्रतीति हुन्छ। संकल्प-विकल्पका अतिरिक्त मन केही पनि होइन। जल विन्दुभन्दा अतिरिक्त धारा केही पनि होइन। मन द्वैतमा जीवित हुन्छ तथा अद्वैतमा लय हुन्छ। मन नै वासनाको पहाड खडा गरेर आफैँलाई ब्रह्मभावबाट वञ्चित गराएर देहभावमा प्राप्त हुन्छ। मन नै आत्मानुसन्धान गरेर मायाको पर्दा च्यातेर ब्रह्मानन्दमा निमग्न हुन्छ। मन ब्रह्मको मायिक क्रीडा हो। एक पूर्ण सत्ता नै आफ्नो अनेक मिथ्यारूप प्रकट गर्दछ तापनि उसको पूर्णतामा कुनै हेरफेर हुँदैन। उसको केही गर्नु-नगर्नु पूर्णताकै महिमाको प्रतिपादन हो। जस्तै मरुमरीचिकाको जल मरुभूमिलाई भिजाउन सक्दैन, स्वप्नको अग्निकाण्ड र जलप्लावन जाग्रत्का वस्तुलाई जलाउन र भिजाउन सक्दैन त्यस्तै मिथ्या नामरूपहरूको बन्नु र बिग्रनुले सत् स्वरूपलाई स्पर्श पनि गर्न सक्दैन। जसरी स्वप्नबाट जाग्ने बित्तिकै स्वप्नको

# "म र मेरो कर्तव्य"

अग्निकाण्ड, जल डुवान तथा उसबाट उत्पन्न भएको दु:ख र भयको मिथ्यात्व स्वत: निश्चय भइहाल्दछ उसरी नै जाग्रत्को प्रपञ्चले तुरीयावस्था या निर्विकल्प समाधिको महान् जागरणमा स्वत: निश्चय भइहाल्दछ। जसरी डोरीमा डोरीको ज्ञान भइसकेपछि सर्प कहीँ देखिन्न, उसरी नै मन लीन भइसकेपछि द्वैतको कुनै गन्ध पाइँदैन। जसरी स्वप्नको सम्पूर्ण संसार जागेपछि मनरूप मात्र ज्ञात हुन्छ, उसरी नै जाग्रत्को सम्पूर्ण प्रपञ्च तुरीयावस्थामा एक आत्मारूप मात्र बोध हुन्छ। जसरी सूर्यको प्रकाशमा त्यसको विरोधी स्वभाव भएको अन्धकार विलीन भइहाल्दछ, त्यस्तै ब्रह्ममा सम्पूर्ण दृश्यप्रपञ्च विलीन भइहाल्दछ। त्यसको मिथ्यात्व निश्चय पुन: द्वैतको भूमिकामा उत्रेपछि हुन्छ। जस्तै सूर्यको तेजबाट उत्पन्न भएको मेघले सूर्यलाई नै ढाकिदिन्छ, जसरी झ्याउ वा काईले जललाई ढाकिदिन्छ। त्यसरी नै आत्मबाट प्रकट भएको यो हृदय प्रपञ्चले आत्मालाई ढाकिदिन्छ आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल र जलबाट पृथ्वी उत्पन्न हुन्छन्, आँधी तुफानमा त्यही पृथ्वीले धूलोको रूपमा आकाशलाई नै ढाकिदिन्छ, त्यसरी नै आत्माबाट प्रकट भएको अविद्या मन नै राग, द्वेषमा परेर आत्मालाई आच्छादित गरिदिन्छ। 

जसरी आँखाले हेर्दामात्रै आकाश ढाकिएजस्तै देखिन्छ, आकाशको दृष्टिमा आकाश सधैं अनाच्छादित रहन्छ, त्यस्तै किसिमसँग मनको दृष्टिमा नै आत्मा आच्छादित हुन्छ, आत्माको दृष्टिमा सधैं अनाच्छादित नै रहन्छ। जसरी आकाशमा हावाद्वारा बादल आउँछ, त्यसरी नै मनद्वारा आत्मामा बन्धमोक्षको कल्पना हुन्छ। जसरी बादल रहनु-नरहनुले आकाशको केही बन्ने-बिग्रिने गर्दैन त्यसरी नै मनको बन्धमोक्षको कल्पनाले आत्मा प्रभावित हुँदैन। जसरी रङ्गी, बिरङ्गी चित्रहरूको कारणले चलचित्रपटमा केही असर पर्दैन उसरी नै नामअपात्मक वृत्तिहरूको कारणले आत्ममा कुनै प्रभाव पर्दैन जसरी निर्मल चलचित्रपटको आधारमा आकर्षक-विकर्षक चित्रहरूको खेल हुन्छ, त्यसरी नै विशुद्ध आत्माको आधारमा राम्रा-नराम्रा वृत्तिहरूको सुखान्तक-दु:खान्तक व्यवहार हुन्छ।

ॐ श्री गुरुपरमात्मने नमः

# "म र मेरो कर्तव्य"

आत्मा आफ्नो अचल प्रतिष्ठामा सदैव एकरस रहन्छ। अग्नि जसरी अविकारी रहेर पनि तातेका फलामका विकारहरूमा व्याप्त भएझैं प्रकाशित हुन्छ त्यसरी नै आफ्नो अविद्याको उपाधि र उसका गुणहरूले युक्त भएर गर्दो जस्तो, भोग्दो जस्तो प्रतीत हुन्छ। जसरी दर्पण आफ्ना सामुन्नेतिरका पदार्थहरूलाई आफूमा देखाउँछ, तर तीबाट आफू असंग नै रहन्छ। त्यसरी नै आत्मा बाहिरी जगत्लाई आफूमा देखाएर पनि सधैं असंग नै रहन्छ। जसरी रंगिन काँचको उपाधिले प्रकाश रंगिन प्रतीत हुन्छ, सो भएर पनि आफू रंगहीन नै हुन्छ, यसरी नै अविद्यारूप उपाधिले आत्मा गुणवान् प्रतीत हुन्छ, तै पनि निर्गुण नै रहन्छ। आत्मा सूर्यसमान निस्क्रिय रहन्छ। जसरी मूर्ख मानिस जलरूपी उपाधि चञ्चल हुँदा सूर्य प्रतिविम्बको चञ्चलताको आरोप विम्बभूत सूर्यमा गर्दछ, त्यसरी चित्तको चञ्चलताको आरोप आत्मामा अज्ञानवश गर्दछ। विचारशील पुरुष जसरी सूर्यको प्रतिविम्ब, घडा, जल यी तीनै कुरालाई छोडेर यी तीनैलाई प्रकाश गर्ने स्वयं प्रकाशक भिन्दै सूर्यलाई अविचलन नै देख्दछ, त्यसरी नै स्थितप्रज्ञ महापुरुषले मन, बुद्धि, चिदाभास यी तीनैलाई छोडेर यिनको साक्षी अधिष्ठान स्वयं प्रकाशक आत्मालाई निश्चय गर्दछ।

२२

जगत् प्रपञ्चको प्रतीत मनसम्म छ। चैतन्यघनमा मनोलय गर्नका निमित्त नै ज्ञान, भक्ति, कर्मपरक नाना साधनहरू हुन्। ज्ञान-मार्गमा चित्तवृत्तिहरूको साक्षी रहन्छ। चित्तमा उठ्ने संकल्पमा रमण नगर्नाले, उनका सम्बन्धमा चिन्तन नगर्नाले केवल असहाय योगपूर्वक तिनीहरूलाई हेर्नाले ती वृत्तिहरू क्रमशः क्षीण भइहाल्दछन्। मन जब-जब अनात्म पदार्थको चिन्ता छोड्दै जान्छ उसको अन्तर्मुखता, चैतन्यता एवं शान्ति बढ्दै जान्छ र अन्त्यमा उसको अहंतारूप, द्रष्टावृत्ति पनि त्यसरी नै नष्ट भइहाल्दछ, जसरी मैनबत्तीको मैन जलिसकेपछि बत्तीको दार नि जलेर भस्म भइहाल्दछ। मनोलयको यस निर्विकल्प समाधिमा नै ब्रह्मतत्त्वको सम्यक् बोध हुन्छ, किनभने अन्य अवस्थाहरूमा चित्तवृत्तिहरू जस्तातस्तै रहनाले उनमा अन्यान्य प्रतीतिहरूको पनि मेल रहन्छ। भक्ति मार्गमा यसै विशेष नाम या

रूपको इष्टावृत्तिलाई यत्नपूर्वक अनन्यभावले धारण गरिन्छ। संस्कारहरूको शुद्धि वा अभ्यासको बलले मन कालान्तरमा त्यस किसिमसँग तद्रूप हुन्छ, जसरी अन्य कीराहरू पनि कुमालकोटीको भुन्-भुन्को आवाजले त्यही ध्यान गर्दागर्दा कुमालकोटी नै भइहाल्दछन्। इच्छानुसार इष्टको अनुभव भएपछि मनमा विशेष उत्साह र आनन्द भरिभराउ हुन्छ, नामरूपात्मक यस अनुभूतिमा पनि रमण गर्नाले अनामी, अरूपी चिन्मय व्यापकत्व स्वतः स्पष्ट भइहाल्दछ।

## 'म' को विश्लेषण



कर्म मार्गमा जगत्‌लाई जगदीशको स्वरूप मानेर, आफूलाई जगदीशको सन्तान या स्वरूप मानेर निस्पृह सेवा गर्न सकिन्छ। आफ्नो भोग, आशक्ति, सुख-सुविधाहरूलाई नरनारायणको सन्तुष्टिको निमित्त सहर्ष त्याग गरिन्छ। कालान्तरमा परदुःख, काँतरता एवं परसुखप्रियताले एक यस्तो रसको निष्पत्ति हुन्छ कि विषय-सुखको इच्छित आकर्षण खतम भइहाल्दछ। चित्त निर्मल भइहाल्दछ, घटघटव्यापी, अविनाशी, अनन्तस्वरूप परमात्माको झाँकी चारैतिर देखिन्छ।

बारिहतिर दृष्टिपात गरेर फेरि आफूतिर दृष्टिपात गर्‍यौ भने अनेक समस्या उपस्थित भएको पाइने छन्। शरीरका यतिका परिणाम, वृद्धि, क्षय आदिका भित्र पनि हामीलाई यो कुरा अनुभव हुन्छ कि 'म एकै हुँ'- यो 'म' को हो ? इन्द्रियहरूको विकार र हानि, मनका भाव र अवस्थाहरूको परिवर्तन, ज्ञानको ह्रास र वृद्धि-यी सबमा मेरो सपनाको एकत्व नष्ट हुँदैन। यो 'म' के हो ? यस 'म' को राम्रोसंग परिचय नपाएर हाम्रो आफूलाई देख्ने काम बन्दैन।

फेरि मसँग यस जगत्‌को, यी जागतिक पदार्थहरूको, जगत्‌कारण र जगन्नियन्ताको यथार्थ के छ ? मभित्र ज्ञानको प्रेरणा, कर्मको प्रवृत्ति र विभिन्न भावहरू जो म अनुभव गर्दछु- यी सब कहाँबाट आउँछन् ? मसँग यिनको के सम्बन्ध छ ? यिनको सार्थकता

ॐ श्री गुरुपरमात्मने नमः

# "म र मेरो कर्तव्य"

केमा छ ? मभित्र श्रेय र प्रेय, उचित र अनुचित, न्याय र अन्याय, धर्म र अधर्म, असल र खराबको एक भेदबोध नित्य विद्यमान छ, एवं बुद्धि विकासका साथै यस बोधको पनि विकास भई नै रहन्छ। वास्तवमा यस भेदको कुनै आधार छ कि छैन ? छ भने त्यसको स्वरूप के हो ? २४

हाम्रो जीवनको आत्यन्तिक श्रेय के हो ? के जानेपछि हाम्रो ज्ञानको सम्यक् पूर्णता होला ? के गरेपछि हाम्रो कर्मको सम्यक् सार्थकता होला ? के प्राप्त गरेपछि हाम्रा सम्पूर्ण इच्छाहरूको आत्यन्तिक निवृत्ति होला ? यी सम्पूर्ण समस्याहरूको समाधान नगरीकन हामीले आफूलाई परिपूर्ण रूपमा देख्ने काम बन्दैन। 'आफूलाई देख्नु' नै दर्शन शब्दको साधारण अर्थ हो। 'दर्शन'-को परिभाषिक अर्थ हो तत्वज्ञान, साधारण अर्थबाट नै पारिभाषिक अर्थबोध भएको हो। यो आफूलाई हेर्ने संक्षिप्त प्रक्रिया तल लेखिन्छ-

# 'म को हुँ?'

## एउटा जिज्ञासुको चिन्तन

म शिशु भएँ, म कुमार भएँ, म तरुण भएँ, म वृद्ध भएँ। म अब शिशु छैन, म कुमार छैन, म तरुण छैन, म वृद्ध पनि धेरै दिनसम्म रहने छैन, केही बेरपछि म मृतक भइहाल्नेछु, किनभने मेरा दाँतहरू खस्न थालिसकेका छन्, आँखाले पनि जवाफ दिइसके, टाढाको मानिस ठम्याउन सक्तिनँ, नजिक आएकालाई कुनै किसिमसँग चिन्न त सक्तछु, तर सजिलोसँग उसलाई पनि चिन्न सक्तिनँ। शरीरमा चाउरी पर्न लागिसक्यो, हड्डी खोक्रो भइसक्यो, कान पनि बहिरा हुन लागिसके, खाएपिएको हजम हुँदैन, कम्मर झुकिसक्यो, हात काम्दछन्, खुट्टा लरखराउँछन्, दिन-पर-दिन कमजोरी बढिरहेको छ, रौं सेता काँढाजस्ता भइसके, कुनै इन्द्रिय पहिलेको जस्तो काम गर्दैन। यसबाट सिद्ध हुन्छ कि अब म मृतक भएर चार जना मानिसको काँधमा चढेर जान तयार छु। जिन्दगीभर दुनियाभरको फन्दामा फँसिरहें, कहिल्यै एकान्तमा बसेर मैले यो विचार गरिन कि **'म को हुँ?'**



शिशु आदि जेसुकै 'म' थिएँ, ऊ अब म छैन तर 'म' त छँदैछु। यसबाट के सिद्ध हुन्छ भने म शिशु आदि थिइन, यदि सो भइदिएको भए अहिले पनि हुँदो हुँ, तर अहिले म शिशु आदि छैन। त्यसो भए म को हुँ ? के म बूढो हुँ ? होइन, म बूढो पनि होइन। जो भोलि हुनेछु त्यो पर्सि रहने छैन, दिन-प्रतिदिन अधिक वृद्ध हुँदै जानेछु र अन्तमा कालको मुखमा पर्नेछु। यसकारण 'म' वृद्ध पनि होइन, त्यसो भए म को हुँ शिशु आदि शरीरका अवस्थाहरू थिए। शरीरमा अभ्यास गर्नाले म आफूलाई शिशु आदि मान्दथें, वस्तुतः म शिशु आदि थिइन। शरीर नै शिशु आदि भएथ्यो, म भएको थिइन, म शरीरभन्दा भिन्न कुनै अन्य वस्तु हुँ, तर को हुँ ? त्यो म बुझ्न सक्तिन, के गरुँ ?

ॐ श्री गुरुपरमात्मने नमः

# "म र मेरो कर्तव्य"

मलाई कसैले आजसम्म यो कुरा सम्झाइ पनि दिएनन्, सम्झाउन पनि कहाँबाट ? ती आफैं पनि आफूलाई चिन्दैनन्, किनभने कुनै आफूलाई देवदत्त, कुनै पण्डितजी, कुनै राजासाहेब, कुनै बाबुसाहेब, कुनै सेठजी, कुनै चौधरी, कुनै न्यायाधीश भन्दथे । ती सबै शरीरका नाम हुन्, ती शरीरको नामलाई नै आफ्नो नाम भन्दथे, यसबाट के सिद्ध हुन्छ भने ती देहलाई नै आत्मा मान्दा रहेछन् । मलाई पनि कोही नानीबाबु, कुनै छोरा, कुनै विद्यार्थी, कुनै मित्र, कुनै भाइ, कुनै गुरुजी इत्यादि नामले बोलाउँदथे । यसबाट के सिद्ध हुन्छ भने जसरी उनीहरू आफूलाई शरीर सम्झन्थे, त्यसरी नै मलाई पनि देह सम्झन्थे । वास्तवमा ती न मलाई नै चिन्दथे न आफूलाई । कस्तो आश्चर्यको कुरा हो कि म चितामा चढेर बल्न तयार छु, तै पनि अहिलेसम्म 'म' शब्दको पनि अर्थ जान्दिन । अंकगणित पढिसकें, विज्ञान, दर्शन पढ्नमा वर्षौं बिताएँ, स्नातक (ग्याजुयट) पनि भइहालें तै पनि यो पढ्न सकिनँ कि 'म' को हो ? 'म' पदको के अर्थ हो ?

२६ यो मेरो पढाइलाई धिक्कार छ । बारम्बार धिक्कार छ । पाठ्यक्रमका पुस्तक ठेलीका ठेली पढिसकें, पढाइ पनि सकें तर न पढें न पढाएँ । जब पढ्ने र पढाउनेलाई यो कुराको पनि थाहा छैन कि 'म' को हुँ ? त उसले के पढ्यो ! के पढायो ? न केही पढ्यो ! न केही पढायो ! खेद छ ! हजारौं शब्दकोष हेरिसकें, एउटा 'म' शब्दको अर्थ पनि जानिएन । यो भनाइ सार्थक भयो कि 'दिनभरि करायो, दक्षिणा हरायो !' जिन्दगीभर पढें तर एउटा शब्दको अर्थ पनि जान्न सकिनँ । अरू शब्द पनि होइन 'म' शब्द, जसलाई सबैले बोल्दछन्, सबभन्दा पहिले बोल्दछन् र सधैं बोल्दछन् । यस्तो सामान्य शब्दको अर्थ पनि म जान्दिनँ, तै पनि सबै कुरा पढेको आफूलाई ठान्दछु । जस्तै गधाको पिठ्युँमा पुस्तकको भारी लादिनाले उसलाई कोही पढेको भन्दैनन्, त्यस्तै गधासमान पुस्तकको भारी मात्र मैले आफूमाथि बोकें । तर, केही पनि पढिन । व्यर्थ नै मनुष्य-शरीर धारण गरें । सुनिन्छ कि यसै मनुष्य-शरीरमा 'म' शब्दको अर्थ बुझ्न सकिन्छ, मनुष्यमात्र 'म' शब्द बुझ्ने अधिकारी हो । अधिकारी शरीर

पाएर पनि मैले 'म' शब्दको अर्थ जानिनँ। मलाई खेद छ ! महाखेद छ !! अत्यन्त खेद छ !!!

म 'म' शब्दको अर्थ जान्दिनँ, अर्को कोही पनि अहिले यहाँ छैन भने मलाई 'म' शब्दको अर्थ कसले सम्झाइदिन्छ ? मैले सुनेको छु कि ईश्वर सर्वव्यापी छ, घट-घटमा बास गर्दछ। कसैले केही भन्दछ भने ईश्वर त्यसलाई सुनिहाल्दछ। यति मात्र होइन, ईश्वर सबैलाई देख्छ, सबैको कुरा सुन्दछ, सबै कुरा छुन्छ, सुँघ्छ, चाख्दछ। जे-जति काम गर्दछ, ऊदेखिबाहेक दोस्रो कर्ता छैन, भोक्ता छैन, प्रमाता छैन, जे, जति छ सब ऊ नै छ। स्मृति भन्दछ कि 'कर्ता भोक्ता जनार्दनः।' अर्थात् कर्ता, भोक्ता सब भगवान् जनार्दन नै हुन्। अरू पनि भनिएको छ- 'भूतानि विष्णुर्भूवनानि विष्णुः' अर्थात् भूत विष्णु हुन्, भूवन विष्णु नै हुन्। यसबाट यो सिद्ध हुन्छ कि जे-जति देखिन्छ, सुनिन्छ, स्मरण गरिन्छ, सब ईश्वर नै हुन्। यदि सबै ईश्वर नै हुन्, सर्वत्र ईश्वर नै छन् भने, ती यहाँ पनि हुनन्। एउटा कुरा मलाई याद छ, एकपटक म एक सन्तको नजिक बसेको थिएँ, अरू पनि कैयौं सज्जन त्यहाँ बसेका थिए, एउटा सज्जनले यस्तो प्रश्न गरे कि 'ईश्वर को हो ?' सन्तले यस प्रकार जवाफ दिएथे- 

महात्मा-भाइ ! ईश्वर को होइन ? सब ईश्वर नै हुन्, तिमी ईश्वर हौ, तिम्रा बाबु ईश्वर हुन्, तिम्री आमा पनि ईश्वर हुन्, तिम्रो भाइ ईश्वर हो, तिम्री बहिनी ईश्वर हुन् । सूर्य भएर ईश्वर नै उदाइरहेछन्, चन्द्र भएर ईश्वर नै चम्किरहेछन्। नक्षत्र, तारा, बिजुली, बादल, बरुण, कुबेर, अग्नि, वायु, नैऋत्य, यमराज, इन्द्र सब ईश्वर नै हुन्। सब ईश्वरबाट नै उत्पन्न भएका हुन् भने सब ईश्वर नै हुन्। कार्य कारणको अभेद हुन्छ भन्ने कुरा अनुभवबाट सिद्ध हुन्छ। यसकारण यी सब ब्रह्माण्ड ईश्वर नै हुन्। वेदवेत्ताहरूको कथन छ कि सब वासुदेव नै हो। वासुदेव सिवाय अरू कोही होइन। यसबाट सिद्ध छ कि ईश्वर सबै हुन् र सर्वत्र छन्। मैले उनैसँग प्रार्थना गर्नुपर्दछ, उनी मलाई 'म' शब्दको अर्थ बताइदिऊन्। यो विचार गरेर जिज्ञासु ईश्वरसँग यस प्रकार प्रार्थना गर्न थाले-

# "म र मेरो कर्तव्य"

हे देवताका पनि देवता ? महादेव ? हे अन्तर्यामिन् ? हे परमात्मन् ? हे भक्तवत्सल? मैले वृद्ध पुरुषबाट सुनेको छु, हजुर एक अद्वितीय, निर्विशेष, सत्य, ज्ञान, आनन्दस्वरूप होइबक्सिन्छ, त्यस्ता भएर पनि आफ्ना भक्तहरूको रक्षाका निमित्त र उनलाई आफ्नो तत्त्व सम्झाउनका निमित्त हजुर अनेक अवतार लिइबक्सिन्छ। पृथ्वीको उद्धार गर्नका लागि हजुरले बराहको रूप धारण गरिबक्सेको थियो, भक्त प्रह्लादको रक्षाका लागि हजुरले अदभुत सिंहको रूप धारण गरिबक्सेको थियो। गोहीबाट हात्तीको रक्षा गर्नका लागि हजुर नै सुदर्शन चक्र लिई हरिरूप भएर दौडिबक्सेको थियो। मनुको रक्षाका निमित्त हजुरले मत्स्यरूप लिएर पृथ्वीरूप नौकालाई प्रलय समुद्रमा चलाइबक्सेको थियो। एक रूप भएर पनि भक्तको कार्य सिद्ध गर्नाका लागि अनेक रूप होइबक्सिन्छ, यस्तो लोक र शास्त्रमा प्रसिद्ध छ। एक किसिमले यी सब हजुरकै रूप हुन्। यी माथि भनिएका रूपहरू नैमित्तिक हुन्। सन्त, सन्यासी, महात्मा हजुरका नित्य रूप हुन्। यिनै दुई रूपले हजुर सबैको कल्याण गरिबक्सिन्छ र सबैको शंका निवृत्त गरिबक्सिन्छ, सबैलाई सन्मार्गको उपदेश बक्सिन्छ। यद्यपि मैले हजुरको भक्ति आजसम्म गरिन, तै पनि मैले शास्त्रविरुद्ध कुनै काम गरेको छैन। हजुर घटघटवासी होइबक्सिन्छ। मेरा मनको कुरा हजुरलाई ज्ञात नै छ। यदि मेरो हजुरमा सच्चा भक्ति छ भने हजुरले मलाई कुनै रूपमा दर्शन बक्सेर मेरा प्रश्नहरूको उत्तर अर्थात् 'म' शब्दको अर्थ मलाई सम्झाइबक्सियोस्, म हजुरसँग अरू केही पनि भन्दिन। म हजुरसँग धनसम्पत्ति माग्दिन, आयु माग्दिन, अब मेरो जीवन अनुमान गर्दा थोरै मात्र बाँकी रहेको छ। आफ्नो शेष जीवनमा म आफ्नो आफैँ अनुसन्धान गर्दै मेरो यो क्षणभंगुर शरीरलाई त्याग गरूँ। यति नै म चाहन्छु।



## महात्मा–जिज्ञासु संवाद

सरल हृदयको सत्य प्रार्थना ईश्वरको कानसम्म तुरुन्त पुगिहाल्छ, जिज्ञासुले आफ्नो प्रार्थना समाप्त नगर्दै देख्छन् कि एउटा

# "म र मेरो कर्तव्य"

गेरुवा वस्त्रधारी, निधारमा त्रिपुण्ड लगाएका, घाँटीमा ठूला-ठूला रुद्राक्षको माला लगाएका पुरुषले उसको कोठामा प्रवेश गरे। आएका महात्माको निधार तेजले चम्किरहेको थियो। जिज्ञासुले उनलाई साष्टाङ्ग दण्डवत् गरे। पाउ पखालेर उच्च आसनमा बसाले। जब महात्मा सुखपूर्वक आसनमा बसे तब जिज्ञासु हात जोडेर यस प्रकारसँग प्रार्थना गर्न लागे-

जिज्ञासु-महाराज ! हजुरको दर्शनले मेरो मनमा परम आह्लाद भयो, मलाई कस्तो लाग्छ भने जनार्दन भगवान्ले मेरो प्रार्थना सुनिबक्सी स्वीकार पनि गरिबक्सियो। स्वयं ईश्वरले नै मेरो मनोरथ अवश्य पूर्ण गरिबक्सनेछ। हजुरलाई मैले पहिले कहिल्यै देखेको थिइन।

महात्मा-भाइ ! म यसै लोकमा रहन्छु, तर एकान्त जंगलमा बस्दछु। मेरो वासस्थानमा कोही पनि पुग्न सक्तैन, म पनि बस्तीमा धेरै कम जान्छु, त्यसकारण तिमीले मलाई देखेनौ होला, मैले पनि तिमीलाई आजसम्म देखेको थिइन। आज थाहा छैन कुन शक्तिले मलाई यहाँ लिएर आयो। अकस्मात् म आफ्नो आसनबाट उठें, सोझै यतातिर आएँ, बाटोमा पनि म न कहीँ बसें, न कसैलाई देखें। मलाई लाग्दछ तिम्रो संकल्पले नै मलाई तानेर यहाँ ल्यायो। आशुतोष भगवान् सबैको मनोरथ पूर्ण गरिबक्सिन्छ, म त केही पनि गर्न सक्तिन। तर, तिम्रो कुनै प्रश्न भए मसँग सोध्न सक्छौ। यदि मैले जानेको रहेछु भने बताइदिनेछु। 

जिज्ञासु-महाराज ! म एउटा उल्झनमा परेको छु, 'म को हुँ?' यसबारे मलाई केही थाह छैन। हजुरसँग 'म' शब्दको अर्थ सोध्न चाहन्छु, यो पनि जान्न चाहन्छु कि कसको भजन गर्नाले संसारसागरबाट तर्न सक्दछु। आजसम्म त मैले कसैको भजन गरिन, गरुँ पनि कसरी ? 'म' शब्दकै पनि अर्थ जान्दिन भने अरू थोक त कहाँबाट जानुँ ? थाहा नै नपाएर भजन कसको गरुँ ? यथासम्भव मैले सत्य व्यवहार गरेको छु, धर्मले धन कमाएको छु, कसैलाई पनि मन, कर्म, वचनले पीडा पुऱ्याएको छैन। धनबाट, प्रजाबाट र भोगबाट कोही तृप्त भएको छैन, यही मेरो निश्चय छ। यसैकारण म

संसारबाट अर्थात् जन्ममरणबाट छुट्न चाहन्छु। यस संसारबाट मुक्त हुने उपाय हजुर मलाई बताइबक्सियोस्। म हजुरको शरणमा छु।

महात्मा-भाइ ! तिमी बडा संस्कारी पुरुष रहेछौ तिमी यस कलिकालमा पनि सत्यको व्यवहार गर्दछौ, संसारबाट मुक्त हुन चाहन्छौ। आजकल प्रायः सबै असत्य व्यवहारमा नै लागेका छन्। संसारबाट कोही छुट्न चाहँदैन। सबै आ-आफ्नो पदोन्नति र भविष्यको सफल व्यवहारकै विषयमा नै प्रश्न माथि प्रश्न गर्दछन्। कुनै बिरलै ईश्वरको अनुग्रह प्राप्त पुरुष नै भोगहरूको आसक्ति छोडेर ईश्वर-भजनमा लाग्दछन्। तिमी धन्य रहेछौ जो संसारबाट मुक्त हुने मार्ग सोध्दैछौ। संसारदेखि तिमी विरक्त छौ, अतः मेरो उपदेशको र 'म' शब्दको अर्थ सम्झने अधिकारी पनि छौ। पहिले तिमी मलाई यो बताउ कि तिमीले 'म' शब्दको अर्थ के सम्झेका छौ ?



जिज्ञासु-महाराज ! मैले कतिसम्म बुझेको छु भने शरीर आदि 'म' शब्दको अर्थ होइन, किनभने मेरो शरीरले जन्मदेखि लिएर आजसम्म छेपारोले रङ्ग बदलेझैं कैयौं रङ्ग बदलिसक्यो, तर 'म' जस्ताको तस्तै छु। त्यसैले मान्दछु कि 'म' शरीर होइन। शरीरभन्दा भिन्न कुनै वस्तु हुँ, जुन कहिल्यै बदलिँदैन, सधैं एकनास रहन्छ, त्यो वस्तु कुन हो, यो मैले बुझ्न सकिन।

महात्मा- (प्रसन्न भएर) हो ! तिमी जस्तो मान्दछौ त्यस्तै हो, हेर ! जसरी तिमी आफूलाई 'म' भन्दछौ उसरी नै सबै आफूलाई 'म' भन्दछन्। अरूको त के कुरा, ईश्वर पनि आफूलाई 'म' नै भन्दछन्। यसकारण 'म' भन्ने सानो होइन, धेरै ठूलो हो। समस्त संसारमा फैलिएको छ, आजकालका मान्छे मात्रै 'म' भन्ने होइनन्, जति पहिले भइसके ती सबै आफूलाई 'म' भन्दथे र पछि जति हुनेछन् ती सबै आफूलाई 'म' नै भन्नेछन्। यसकारण 'म' शब्दको अर्थ 'म' पदार्थ सबै देशमा, सबै कालमा, सबै वस्तुहरूमा व्यापक रहेछ। यस्तो व्यापक पदार्थ ब्रह्म नै हो। यसैलाई आत्मा भन्दछन्। यसकारण 'म' 'आत्मा' र 'ब्रह्म' तीन एकै सिद्ध हुन्छन्, शास्त्रमा आत्मालाई अहंपद लक्ष्य भनिएको छ। फरक यत्ति नै छ कि 'म' शब्द शरीरबिना भन्न

# "म र मेरो कर्तव्य"

सकिँदैन, जब शरीर हुन्छ अनिमात्र ईश्वर आफूलाई 'म' भन्दछन् जीव पनि शरीर ग्रहण गरेर नै 'म' शब्दलाई आफ्नो निमित्त उपयोग गर्दछ। यदि शरीररूपी उपाधिको बोध गरिन्छ भने जीव र ईश्वर एकै सिद्ध हुन आउँछन्। अर्थात् 'आत्मा' र 'ब्रह्म' एक हुन्। 'म' शब्दको प्रयोग त लोकमा सबै आफ्नो निम्ति गरिरहेकै छन् भने 'आत्मा' शब्दको प्रयोग पनि सबैका निम्ति हुनसक्छ। जस्तै म आफैँ जान्छु, तिमी आफैँ पढ्दछौ, त्यो आफैँ यहाँ आउँदैन आदि। 'आत्मा' आफ्नै नाम हो, 'ब्रह्म' एक अद्वितीय सत्य, ज्ञान, आनन्दस्वरूप हो। यही अनेक नाम, रूप आफ्नै मायाबाट धारण गर्दछ, यसकारण जगत्, जीव दुवै ब्रह्म नै हुन्। अभिप्राय यो हो कि म, तिमी? ऊ, यी सब ब्रह्मकै नाम हुन्। 'ब्रह्म' सबैको आत्मा अर्थात् आफ्नो स्वरूप हो, यसकारण शरीर र ब्रह्माण्डको उपाधिको त्याग गरेर ब्रह्म नै सबैको स्वरूप हो, उही सबै शरीरमा आफूलाई 'म', 'म' भनेर व्यवहार गरिरहेको छ। जब देह ग्रहण गरेर 'म' भनिरहेको हुन्छ, त्यसबखत पनि 'ब्रह्म' नै हो, जब देह ग्रहण नगरेर 'म' भनिरहेको हुन्छ, त्यसबखत पनि 'ब्रह्म' नै हो। यसै ब्रह्मको तिमी अनुसन्धान गर्ने गर, अवश्य नै ब्रह्म भएर संसार पार हुनेछौ। जस्तै डोरीमा डोरीको 'यथार्थता नजान्नाले' सर्पको कल्पना हुन्छ, त्यस्तै प्रकारसँग आफ्नो आत्मा ब्रह्मको ठीक-ठीक ज्ञान नहुनाले 'म' कल्पित हुन्छ। जसरी सर्पको बोध भएपछि डोरी नै शेष रहन्छ त्यसरी नै 'म' को बोध भएपछि ब्रह्म नै शेष रहन्छ। यसकारण 'म' को बोध गरेर 'म' ब्रह्म हुँ, यस्तो अनुसन्धान गर्ने गर। यति भनेर महात्माजी 'अब म फेरि आउँला' भनेर हिँडिहाले।



महात्मा गइसकेपछि जिज्ञासुले एकान्तमा उसै कुराको मनन गर्न सुरु गरे- 'म को हुँ ? मेरो कर्तव्य के हो ?' 'म' नाम, रूप, देह, इन्द्रिय, मन या बुद्धि हुँ अथवा यीभन्दा भिन्न कुनै वस्तु हुँ ? विचारपूर्वक निर्णय गर्‍यो भने यही कुरा निश्चित हुन्छ कि 'म' नाम होइन, मलाई आज देवदत्त भन्दछन्, तर जब म जन्मेथेँ उस समय यसको नाम देवदत्त थिएन, यद्यपि म थिएँ। केही दिनपछि मेरो नामाकरण गरियो, त्यस समय मेरो नाम देवदत्त नराखिएर यज्ञदत्त

राखिएको भए म यज्ञदत्त हुने थिएँ र आफूलाई यज्ञदत्त नै सम्झने थिएँ। म न पूर्वजन्ममा देवदत्त थिएँ, न गर्भमा देवदत्त थिएँ, न शरीर छुटेपछि देवदत्त रहने छु। यो त घरका मानिसले राखेको सांकेतिक नाम हो। नाम यस्तो कल्पित हो जुन जहिलेसुकै बदल्न सकिन्छ र उसैमा अभिमान पनि हुन जान्छ। जो विवेकवान् पुरुष छन् ती यस रहस्यलाई राम्रोसँग जान्दछन् कि 'म' नाम होइन, ती नामको स्तुति वा निन्दाले कहिल्यै सुखी वा दुःखी हुँदैनन् जब मनुष्य नामको निन्दा स्तुतिमा सम हुँदैन निन्दा स्तुतिमा सुखी वा दुःखी हुन्छ, तब ऊ नाम नभएर पनि 'नाम' बनेको हुन्छ जो सर्वथा भ्रमपूर्ण छ। जो यस रहस्यलाई जान्दछ, उसमा यस प्रकारको भ्रमको लेशमात्र पनि रहँदैन। यसकारण श्रीभगवान्ले गीतामा तत्त्ववेत्ता पुरुषहरूका लक्षणको वर्णन गर्दै उनीहरूलाई निन्दास्तुतिमा सम भन्नुभएको छ : 'तुल्य निन्दास्तुतिर्मौनी।' फेरि यो कुरा पनि प्रसिद्ध छ कि देवदत्त 'मेरो' नाम हो। मेरो 'म' देखि भिन्न नै हुन्छ। जस्तै- मेरो कोट, मेरो घडी आदि। यसबाट के सिद्ध हुन्छ भने 'म' नाम होइन। ३२

## म शरीर होइन

यसै प्रकारसँग रूप र देह पनि म होइन, किनभने शरीर जड हो, म चेतन हुँ। देह क्षय, वृद्धि, उत्पत्ति, विनाश धर्मवान् छ, म त्यस्तो होइन। बालकपनमा शरीरको अर्कै स्वरूप थियो, युवापनमा बेग्लै थियो र अहिले अर्कै छ, तर म तीनै अवस्थालाई जान्ने तीनैमा एकै हुँ। कुनै मनुष्यले मलाई बाल्यावस्थामा देखेको थियो, अहिले उससँग मेरो भेट हुन्छ भने मलाई चिन्न सक्तैन। शरीरको स्वरूप बदलिसक्यो, शरीर बढिसक्यो। जुँघा, दाह्री आइसके। यसैकारण ऊ चिन्न सक्तैन तर म चिन्दछु। म उसँग भन्दछु, 'तपाईंको शरीर युवावस्थाबाट वृद्ध भएको हुनाले उसमा कम प्रभाव पर्‍यो। यसकारण म तपाईंलाई चिन्दछु। मैले तपाईंलाई फलाना ठाउँमा देखेको थिएँ। उस बखत म बालक थिएँ। अब मेरो शरीरमा धेरै परिवर्तन भइसक्यो, यसकारण तपाईंले चिन्न सक्नुभएन। तर, म चिन्दछु।

यसबाट के सिद्ध हुन्छ भने शरीर 'म' होइन। किन्तु 'म शरीर हुँ' भन्ने अभिमान पनि पूर्वोक्त नामकै समान सर्वथा भ्रमपूर्ण छ। जो पुरुष यस रहस्यलाई जान्दछन्, ती शरीरको मानापमान र सुख-दुःखमा सदा सम रहन्छन्। किनभने ती यो कुरालाई जान्दछन् कि शरीरदेखि 'म' अत्यन्त भिन्न हुँ'। यसैकारण तत्त्ववेत्ताहरूका लक्षणमा भगवान्ले 'समः शत्रौ च मित्रे च तथा मानापमानयोः। मानापमानयोस्तुल्यः' तथा 'समः दुःख सुखः स्वस्थ' आदि भन्नुभएको छ।

यसकारण विचार गर्दा यो प्रत्यक्ष सिद्ध हुन्छ कि यो जड शरीर 'म' होइन। 'म' यस शरीरको ज्ञाता हुँ, प्रसिद्धि पनि यही छ कि शरीर 'मेरो' हो। मनुष्य भ्रमको कारण शरीरमा आत्माभिमान गरेर मानापमान र सुख दुःखले सुखी-दुःखी हुन्छ। यस्तै प्रकारसँग इन्द्रिय पनि म होइन। हातखुट्टा काटिनाले, आँखा फुट्नाले, कान बहिरा भएर पनि 'म' जस्ताको तस्तै रहन्छु, मर्दिन। यदि म इन्द्रिय भइदिएको भए तिनीहरूको नाशमा मेरो पनि नाश सम्भव थियो। यसकारण अलिकति विचार गर्दैमा यो प्रत्यक्ष प्रतीत भइहाल्छ कि 'म' जड इन्द्रिय होइन, किन्तु इन्द्रियहरूको द्रष्टा या ज्ञाता हुँ। ३२

## म मन होइन

यस प्रकारसँग 'म' मन पनि होइन। सुषुप्तिकालमा मन रहँदैन, तर म रहन्छु। यसकारण ब्युँझेपछि मलाई यो ज्ञान हुन्छ कि 'म' सुखपूर्वक सुतेथेँ। म मनको ज्ञाता हुँ, अरूको दृष्टिमा नि मनको अनुपस्थितिकालमा (सुषुप्ति या मूर्छित अवस्थामा) मेरो जीवित सत्ता प्रसिद्ध नै छ। मन विकारी छ, यसमा विभिन्न प्रकारका संकल्प-विकल्प उत्पन्न भइरहन्छन्। मनमा हुने यी सबै संकल्प-विकल्पको म ज्ञाता हुँ। खान-पिन, स्नान आदि गर्दा यदि मन अर्कैतिर जान्छ भने ती-ती काममा केही त्रुटि भइहाल्छ, फेरि सचेत भएपछि म भन्दछु मेरो मन अर्कैतिर गएको थियो। यसकारण मबाट भूल हुनगयो, किनभने मनबिना केवल शरीर र इन्द्रियले मात्र सावधानीपूर्वक काम हुन सक्तैन। यसकारण मन चञ्चल र चल छ, परन्तु म स्थिर र

# "म र मेरो कर्तव्य"

अचल छु। मन चाहे कहीं रहोस्, जतिसुकै संकल्प विकल्प गरोस्, म उसलाई जान्दछु। यसकारण 'म' मनको ज्ञाता हुँ, मन होइन।

## म बुद्धि होइन

यस प्रकारसँग 'म' बुद्धि पनि होइन, बुद्धि पनि क्षय र वृद्धि स्वभाव भएको हुन्छ। म क्षय र बृद्धिदेखि सर्वथा रहित छु। बुद्धिमा मन्दता, तीव्रता, पवित्रता, मलीनता, स्थिरता, अस्थिरता आदि सबै विकार हुन्छन्, परन्तु म यी सबैदेखि रहित र यी सब स्थितिहरूको ज्ञाता हुँ। म भन्दछु, त्यस बखत मेरो बुद्धि ठीक थिएन, अहिले ठीक छ। बुद्धि कहिले के विचार गर्दछ के निश्चय गर्दछ, त्यो सबै म जान्दछु। बुद्धि दृश्य हो, 'म' उसको द्रष्टा हुँ, यसकारण मबाट पृथकत्व सिद्ध छ, 'म' बुद्धि होइन।



## म आत्मा हुँ

यसकारण 'म' नाम, रूप, इन्द्रिय, मन, बुद्धि आदि होइन, 'म' यी सबैभन्दा पर यीदेखि सर्वथा पृथक् चेतन, द्रष्टा, साक्षी, सबको ज्ञाता, सत्, नित्य, अविनाशी, अविकारी, अक्रिय, सनातन, अचल र दुःखहरूदेखि रहित, केवल शुद्ध ज्ञानानन्दमय आत्मा हुँ। यही 'म' हुँ। यही मेरो सत्यस्वरूप हो। क्लेश (अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश अथवा-अज्ञान, चिच्जड ग्रन्थि, राग, द्वेष र मरणभय) यी पाँच क्लेश हुन्। कर्म र सम्पूर्ण दुःखदेखि मुक्त भएर परम शान्ति तथा परमानन्दका प्राप्तिको निमित्त नै मलाई मनुष्य शरीर प्राप्त भएको हो। यस परम शान्ति र परमान्दलाई प्राप्त गर्नु नै मनुष्यको एक मात्र कर्तव्य हो। मनुष्य शरीरबिना अन्य शरीरमा यसको प्राप्ति सम्भव छैन। यस स्थितिको प्राप्ति तत्त्वज्ञानले हुन्छ। त्यो तत्त्वज्ञान विवेक, वैराग्य, ईश्वरभक्ति, विचार, सदाचार, सद्गुण आदिको सेवनले हुन्छ र यस घोर कलिकालमा ईश्वरको दयाबिना यी सबको हुनु सम्भव छैन। यद्यपि ईश्वरको दया सम्पूर्ण जीवहरूमा पूर्ण रूपले

सदा सर्वदा छ, किन्तु ईश्वरको शरणागतिबिना त्यस दयाको रहस्यलाई मनुष्यले बुझ्न सक्तैन। यस प्रकार दयाको तत्त्व नसम्झी दयाद्वारा हुने लाभलाई प्राप्त गर्न पनि सक्तैन। यस प्रकार तत्त्वज्ञानको प्राप्तिका निमित्त सब प्रकारबाट ईश्वरको शरणमा गएर, उनको दयाको रहस्य बुझेर, उसबाट हुने पूर्ण लाभ हामीले उठाउनुपर्दछ। ईश्वरको शरणागतिबाट नै हामीलाई परम शान्ति र परमानन्दस्वरूप परमपद जुन वास्तवमा आफ्नै स्वरूप हो, उस नित्यप्राप्तको प्राप्ति हुन सक्तछ।



## महात्माको पुनरागमन र तत्त्वोपदेश

जिज्ञासु एकान्तमा विचारमा तल्लीन भए जस्तो भई बसेका थिए। एक दिन फेरि उनै महात्मा एकाएक कतैबाट त्यहाँ आइपुगे। आउनसाथ गम्भीर स्वरमा 'उत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत' भनेर जिज्ञासुलाई सावधान गर्दै बसिहाले। जिज्ञासु पनि आश्चर्यपूर्ण दृष्टिले हेर्दै महात्मालाई साष्टाङ्ग प्रणाम गरेर सावधान भएर बसे। महात्मा भन्न थाले-

'किन मोह-निद्रामा परेर शोक गरिरहेका छौ ? कहिले कराउँछौ, कहिले गाउँछौ, कहिले चिन्ता गर्न लाग्छौ, कहिले भयभीत हुन्छौ, कहिले पागलका समान प्रलाप गर्न थाल्दछौ, कहिले अन्धाका समान ठक्कर खान लाग्दछौ। शोक गर्ने कुनै कुरा छैन, रुने कुनै प्रयोजन छैन, कराउनाले केही फाइदा छैन, चिन्ता गरेर कुनै कार्य सिद्ध हुँदैन, नडराऊ ! पागलपना छोडिदेऊ ! अन्धो बनेर ठक्कर नखाऊ। यो स्थूल शरीर तिम्रो होइन, कारण शरीर पनि तिम्रो होइन, स्वपनावस्था तिम्रो होइन सुषुप्ति अवस्था तिम्रो होइन जाग्रदादि अवस्था तिमी होइनौ। 'विश्व' अर्थात् जाग्रत् अवस्थाको अभिमानी तिमी होइनौं, स्वप्नावस्थाको अभिमानी 'तैजस्' पनि तिमी होइनौ, सुषुप्ति अवस्थाको अभिमानी 'प्राज्ञ' पनि तिमी होइनौ, यो जो तिमी देखिरहेका छौ, उससँग तिम्रो कुनै सम्बन्ध छैन, तिमी निस्सँग, कुटस्थ, सच्चिदानन्द, निष्कल, निरञ्जन देव हौ। न कर्ता हौ, न

भोक्ता हौ, परन्तु शुद्ध, साक्षी, निरामय, सनातन, पुराण ब्रह्म हौ । यी तीनै शरीरसँग, तीनै अवस्थासँग, तीनै जीवसँग सम्बन्ध छोडिदेऊ । यस संसार स्वप्नलाई नहेर । आफ्नो स्वरूपलाई हेर । आफ्नो स्वरूपको अज्ञानमा तिमीलाई संसार स्वप्न प्रतीत भइरहेको छ, अन्यथा संसारको लेश पनि तिमीमा छैन । श्रुति भन्दछ- 'असंगो ह्ययं पुरुषः' यस श्रुतिको वचनमा विश्वास गर, दृढ श्रद्धा गर । संसार स्वप्न त्याग गर । आफ्नो वास्तविक स्वरूपमा आस्था गर । निष्ठा गर ।

## आफू शरीररहित

३६

यस शरीरको उत्पत्तिभन्दा पहिले तिमीले यस संसारलाई देखेका थिएनौ । शरीरको नाशपछि पनि यस प्रपञ्चलाई देख्ने छैनौ । बीचमा संसारलाई जो तिमी देखिरहेका छौ त्यो शरीरको सम्बन्धले नै देखिरहेका छौ । शरीर पहिले पनि थिएन, शरीर पछि पनि रहने छैन, बीचमा देखिइरहेको छ । यसकारण अन्वय र व्यतिरेकले यो शरीर नै संसार देख्ने कारण हो । जस्तो आदिमा हुन्छ, जस्तो अन्तमा रहन्छ, त्यस्तै मध्यमा पनि हुन्छ । यो शरीर आदि र अन्त्यमा जब छैन भने, मध्यमा पनि छैन । यसकारण शरीरको सम्बन्धले देखिने प्रपञ्च पनि आदि र अन्तमा नहुने हुनाले मध्यमा पनि छैन । त्यस्तै हो भने शरीरलाई आफ्नो मानेर किन शोक, मोह, भय र चिन्तामा पर्दछौ ? शरीर अचेतन हो, तिमी चेतन हौ, शरीर दृश्य हो, तिमी द्रष्टा हौ, शरीर अनित्य हो, तिमी नित्य हौ, शरीर जन्म-मरणशील छ, तिमी अजरामर हौ । जस्तै अन्धकार र प्रकाश दुवै मिल्न सक्तैनन् त्यस्तै शरीरसँग तिम्रो मेल छैन । आफ्नै अज्ञानले तिमीले शरीरसँग मेल बनाइराखेका छौ । यसकारण शरीरका धर्म आफूमा मान्दछौं, अन्यथा शरीरका एक पनि धर्म तिमीमा छैनन् । शरीर नै जन्मने हुनाले उत्पन्न भए जस्तो प्रतीत हुन्छ, शरीर नै बदलिन्छ तथा शरीर नै मर्दछ । 'भासते, अस्ति, विपरिणमते, वर्धते, अपक्षीयेत, विनश्यति' यी छ विकार शरीरकै हुन्, तिम्रा होइनन् । त्यसो भएपछि शरीरलाई

आफ्नो मानेर शरीरको दुःखले आफू किन दुःखित हुन्छौ ? श्रुति भन्दछ कि 'आत्मानं चेद्विजानीयादमस्मीतिपुरुष । किमिच्छन् कस्य कामाय शरीरमनुसञ्जरेत् ।' यदि पुरुष आफ्नो आत्मालाई म आत्मा हुँ भनेर जानिहाल्दछ भने शरीरको पछि किन दुःखी भइरहन्थ्यो अर्थात् सर्वदा सुखी रहने थियो । विवेक, वैराग्य, सम, दम आदिको अभ्यास गरेर आफ्नो चेतन सुखस्वरूप आत्मालाई शरीरदेखि भिन्न जानेर शरीरका दुःखहरूले आफूलाई सन्तप्त नगर, शोक नगर, मोह नगर, चिन्ता नगर, निर्द्वन्द्व होऊ अर्थात् राग-द्वेष, सुख-दुःख, मान-अपमान आदिबाट मुक्त भएर यस संसार स्वप्नदेखि छुटेर आत्मामै प्रीति गर, आत्मामै क्रीडा गर, आफैंमा सन्तुष्ट रहू, आफैंमा तृप्त होऊ ! देहलाई नहेर, देह जस्तै देखिने प्रपञ्चलाई नहेर, आफ्नो तत्त्वमा, आफ्नो स्वरूपमा जाग ।



## ब्रह्ममात्र सत्य

जब एउटै ब्रह्म चेतन छ, ब्रह्मबाहेक दोस्रो चेतन छैन भने उसमा कुनै प्रकारसँग पनि भेद हुन सक्तैन । हुन सक्छ भ्रमले उसमा भेदको प्रतीति होस्, जस्तै डोरी कुनै कालमा पनि सर्प हुन सक्दैन, पहिले पनि डोरी थियो, भ्रमकालमा अर्थात् सर्प देखिएको बेलामा पनि डोरी नै छ, सर्प छैन, फेरि भ्रम दूर भइसकेपछि पनि डोरी नै हुन्छ । त्यस्तै सृष्टिभन्दा पूर्व ब्रह्म नै थियो, सृष्टिकालमा पनि ब्रह्म नै छ र प्रलय अर्थात् सुषुप्तिमा जब सृष्टि रहँदैन तब पनि ब्रह्म नै रहनेछ, प्रपञ्च होइन । जस्तै डोरीमा डोरीको अज्ञानले सर्प प्रतीत हुन्छ, त्यस्तै ब्रह्मको अज्ञानले ज्ञाता, ज्ञान, ज्ञेय अर्थात् जीव, अन्तष्करण अथवा देह र जगत् प्रतीत हुन्छ, परमार्थमा ब्रह्म नै हो । ब्रह्म सबको आत्मा हो, यसकारण अहंकारले, चित्तले, बुद्धिले, मनले, इन्द्रियले देखिन्छ, सुनिन्छ, छोइन्छ, चाखिन्छ, सुँघिन्छ, जानिन्छ, सम्भिन्छ, सब ब्रह्म नै हो अर्थात् यी सबै होइनन्, ब्रह्म नै हो, किनभने यी सबै भ्रमले कल्पित हुनाले मिथ्या नै हुन्, चेतन ब्रह्म सत्य हो । त्यो नै सबको आत्मा हो, यस कारण आत्मा सत्य हो ।

# "म र मेरो कर्तव्य"

आत्माबाहेक सबै मिथ्या हुन्। मिथ्यालाई सत्य मान्ने कहिल्यै सुखी हुन सक्तैन। यस्तै हो भने तिमी मिथ्यालाई मिथ्या, सत्यलाई सत्य सम्झेर सुखी होऊ। मोहनिद्रा त्याग। मोहनिद्रामै संसार-स्वप्न देखिइरहेको छ। जस्तै स्वप्नलाई तिमी सत्य मान्दैनौ, मिथ्या नै मान्दछौ, त्यस्तै संसारलाई पनि स्वप्न जानेर मोहनिद्रा त्यागेर आफ्नो स्वरूपमा निष्ठावान् होऊ। तिमी सुखस्वरूप हौ, आनन्दस्वरूप हौ।

३८ जस्तै सिपीको अज्ञानले सिपी नै चाँदी प्रतीत भइरहन्छ, त्यस्तै ब्रह्मको अज्ञानले ब्रह्म नै प्रपञ्चका रूपमा प्रतीत भइरहेछ। जसलाई तिमी जगत् मान्दछौ, त्यो जगत् होइन, त्यो ब्रह्म नै हो। 'कारणदेखि कार्यको सत्ता पृथक् हुँदैन। यस न्यायले यो प्रपञ्च ब्रह्मदेखि भिन्न होइन, ब्रह्म नै हो। कार्य मिथ्या हुन्छ, वस्तुरूप हुँदैन किनभने नाम मात्र अर्थात् कथन मात्र हुन्छ। यस प्रकारसँग कार्यरूप जगत् मिथ्या हो, किनभने कथन मात्र हो वस्तुरूप होइन, ब्रह्म नै सत्य हो। व्यापकता मिथ्या हो, सब आत्मा नै हो, यही श्रुतिको शासन छ 'वाचारभणं विकारोनामधेयं मृत्तिकेत्येव सत्यम्' यस श्रुतिअनुसार जब निर्मल अन्तस्करण पुरुष परम तत्त्वलाई जानिहाल्दछ, अनि भेदको अवसर नै रहँदैन। मलिन अन्तस्करण पुरुषलाई भेद देखिन्छ, शुद्ध अन्तस्करण भएकालाई भेद देखिँदैन, किन्तु एक अद्वितीय परब्रह्म नै देखिन्छ। यदि तिमीलाई भेद देखिन्छ भने सम्झ तिम्रो अन्तस्करण रजोगुण र तमोगुणको दोषले मलिन छ। मलिन अन्तस्करणलाई शम, दम, विवेक, वैराग्य, समता, श्रद्धा आदि साधनले शुद्ध गरिहाल, अर्थात् मनलाई बाह्य विषयमा दोष देखाएर स्वाधीन गरिहाल। इन्द्रियहरू जबसम्म वशमा हुँदैनन् तबसम्म मन स्वाधीन हुँदैन, यसकारण मनलाई वशमा गर्नका लागि निग्रहरूप दमको अभ्यास गर। इन्द्रियहरू विषयमा राग हुनाले वशमा हुँदैनन्, राग विषयहरूलाई सत्य सम्झनाले हुन्छ, यसकारण विवेक गरेर सत्यासत्यको निर्णय भइसकेपछि वैराग्य स्वयं सिद्ध हुनेछ, मिथ्या वस्तुलाई लिने इच्छा हुँदैन। जस्तै मिथ्या मिठाई खाने इच्छा कोही गर्दैन र मिथ्या मिठाई खानाको इच्छा पनि हुन सक्तैन, त्यस्तै जब विषयहरूको मिथ्यात्व निश्चित् भइहाल्छ तब उनमा वैराग्य भइहाल्छ। सबै प्रपञ्चमा एक

सम ब्रह्मको दर्शन गर्नाले समता सिद्ध हुन्छ, यसप्रकार शम, दम आदि साधनद्वारा मनलाई निर्मल बनाइहाल। मन निर्मल हुने बित्तिकै जस्तै कुनै दोषको कारण आँखा सूर्यको सद्भावमा पनि पदार्थहरूलाई ठीक-ठीक देख्न सक्तैनन् ती नै आँखा सुर्मा आदिको प्रयोगले निर्दोष भएपछि सब पदार्थ ठीठ-ठीक देख्न थाल्दछन्, त्यस्तै ब्रह्म सर्वत्र देखिन थाल्दछ। मनलाई शुद्ध गरेर मनरूपी आँखालाई खोल, अनि स्वरूपमा जाग, निष्ठावान् भएर परम सुखी भइहाल। ३९

## ब्रह्म र आफूमा अभेद दृष्टि

सत्व आदि तीनै गुण, आकाश आदि पञ्चभूत, विराट, हिरण्यभर्ग ईश्वर आदि समष्टि, विश्व, तैजस्, प्राज्ञ आदि व्यष्टि, ब्रह्मा, विष्णु, महेश तीनवटै मुख्य देवता, सूर्य, चन्द्र, इन्द्र आदि अवान्तर देवता, मनुष्य, पशु, पक्षी आदि सब ब्रह्मबाट नै उत्पन्न भएका हुन्, यसकारण सब ब्रह्म नै हुन्। यस्तो चिन्तन गर्नाले अन्तस्करण शुद्ध हुन्छ, भेदबुद्धि दूर हुन्छ। अनेक प्रकारका नाम, रूप र कर्महरूलाई ब्रह्म नै धारण गर्दछ। यसकारण नामादि सब ब्रह्मरूप नै हुन्। ब्रह्मभन्दा भिन्न होइनन्। जस्तै सुनबाट उत्पन्न भएका अनेक प्रकारका गहनाहरू सुन नै हुन्छन्, त्यस्तै ब्रह्मबाट उत्पन्न भएको प्रपञ्च ब्रह्मरूप नै हुनुपर्दछ। यसकारण सम्पूर्ण जगत्लाई ब्रह्मरूप नै देख्नुपर्दछ। यस्तो दृष्टि बनाउनाले मन छिटै शुद्ध हुन्छ। भेददृष्टिले सब मलिन हुन्छ। भेद देख्नेलाई भय हुन्छ, किनभने आफूदेखि कसैलाई भय हुँदैन, अर्कादेखि नै भय हुन्छ, यस्तो सबैको अनुभव छ। यसकारण भेद देख्नु ठूलो भूल हो। चेतन सबमा एक छ, पञ्चमहाभूत पनि सबमा एकै छ, अनि भेद कहाँ छ ? कहीं पनि, कहिल्यै पनि, कत्ति पनि भेद छैन। सुषुप्तिमा भेद हुँदैन, यसकारण उहाँ कसैलाई डर पनि हुँदैन। जो भाग्यवान् सुषुप्तिकै समान जगत्मा पनि व्यवहार गर्दछ अर्थात् भेद देख्दैन सबलाई ब्रह्मरूप अथवा आफ्नै रूप देख्दछ, उसलाई भय हुँदैन। जब अभेद देख्नामा प्रत्यक्ष अभयको अनुभव हुन्छ भने तिमीले पनि अभेद देख्ने

अभ्यास गरेर अभय हुनु उपयुक्त छ। श्रुति भगवती आदेश गर्दछिन् कि जो मूढ आफूमा र परमात्मामा थोरै पनि भेद देख्दछ, उसलाई अवश्य नै भय हुन्छ। जो जीव अभेद देख्दछ, ऊ अवश्य अभय भइहाल्दछ। दोस्रो कोही छँदै छैन, एक तिमी मात्र छौ, यसकारण भयरूप स्वप्नलाई अन्तिम प्रमाण गरेर निर्भय स्वरूप आफ्नो आत्मा ब्रह्ममा जागिहाल। ४०

जब आफ्नो स्वरूपको अज्ञान हुन्छ अनि मात्र दोस्रो जस्तो देखिन्छ। जब अज्ञान निवृत्त हुन्छ, अनि दोस्रो प्रतीत हुँदैन। अज्ञानलाई हटाऊ, भेदबुद्धिलाई पनि हटाऊ, द्वैतभावनालाई हटाऊ, अनि तिमी सुखी भइहाल्नेछौ, स्वतन्त्र भइहाल्नेछौ, आनन्दले पूर्ण भइहाल्नेछौ, दुःख कहिल्यै पनि देखिने छैन, परतन्त्रता भाग्नेछ, शोक मोह आदि अनर्थ यसरी भाग्नेछन्। जसरी गधाका शिरबाट सिङ गए। यो संसार देखिइरहेको छ, यसमा व्यवहार पनि भइरहेको छ। कोही ठूलो छ, कोही सानो छ, कोही बालक छ, कोही कुमार छ, कोही तरुण छ, कोही वृद्ध छ, कहीँ खानपिन भइरहेको छ, कतै खेलकुद भइरहेको छ। कहीँ रोदन भइरहेको छ, कहीँ मिठाई बाँडिइरहेको छ कहीँ वस्त्राभूषणहरूको खरिद-बिक्री भइरहेको छ, कहीँ स्याउ, अम्बा, नासपाति, सुन्तला, आँप, जामुन आदि अनेक किसिमका फलहरूको थुप्रो लागेको छ र कहीँ काका-भतिजा, मामा-भान्जाको मुद्दा चलिरहेको छ। वकिल र कर्मचारीहरूको सत्र परिरहेको छ। मुखले मागेको पारिश्रमिक लिइरहेका छन्, इनाम अलग मागिरहेका छन्। जो हार्छ, ऊ मर्छ। जो जित्दछ, ऊ पनि हार्ने जस्तै भइहाल्छ। किनभने ऊ पहिले नै ठगिइसकेको हुन्छ। 'भेंडामा ऊन कोही छोड्दैन' यस न्यायअनुसार जित्ने पनि हार्ने समान नै हो- इत्यादि सब व्यवहार यहाँ भइरहेको छ, तै पनि यो स्वप्न हो मूर्छितलाई सुतेकोलाई केही पनि ज्ञान हुँदैन। जुन विवेकी पुरुषका आँखा-अर्थात् भित्री आँखा, हृदयका आँखा खुलिसकेका छन् उनलाई सब देखिएर पनि केही देखिन्न। एक सच्चिदानन्द, स्वयं ज्योति, स्वयं सिद्ध परमात्मा नै वारपार देखिन्छ। हे भाइ! विवेकका आँखा खोल, मोहको निद्रामा नसुत, विचारले काम लेऊ, अन्धाको समान ठक्कर

नखाऊ, धेरैचोटी मरिसक्यौ, अब त नमर ! सावधान भइहाल !! आफ्नो स्वरूपमा प्रतिष्ठित् भइहाल !!!

## दृक् दृश्य विवेक

अरू पनि सुन्छौ भने सुन । यस जगत्मा अन्न र अन्नाद दुई पदार्थ छन्, जो खाइन्छ त्यसलाई अन्न भन्दछन् र खानेलाई अन्नाद भन्दछन् । अथवा अन्न नाम भोग्यको हो र अन्नाद नाम भोक्ताको हो । यी दुवैलाई गीताकारले क्षेत्र र क्षेत्रज्ञ नामले प्रयोग गरेका छन् । भगवान्‌को वचन छ कि सब क्षेत्रहरूमा क्षेत्रज्ञ म नै हुँ । यसबाट सिद्ध हुन्छ कि क्षेत्र अनेक भएर पनि क्षेत्रज्ञ एउटै हुन्छ, यसबाट एकत्व सिद्ध हुन्छ । अरू पनि विचार गर्न योग्य के भने क्षेत्रज्ञ एक कसरी छ, प्रत्येक शरीरमा क्षेत्रज्ञ भिन्न प्रतीत भइरहेको छ भने त्यो एक कसरी हुनसक्छ ? ४१

'घडालाई देख्ने व्यक्ति घडाभन्दा भिन्नै हुन्छ ।' यस न्यायले शरीरलाई देख्ने, जान्ने, शरीरभन्दा भिन्नै हुनुपर्छ । स्थूल देहलाई म जान्दछु, यसकारण स्थूल देहभन्दा म भिन्न छु । प्राण आदि पाँचै प्राणलाई म जान्दछु, यसकारण यी पाँचदेखि म भिन्न छु । श्रोत्र आदि पाँचै ज्ञानेन्द्रियलाई म जान्दछु, यसकारण ती पाँचैदेखि म भिन्न छु, वागादि पाँचै कर्मेन्द्रियलाई म जान्दछु, यसकारण ती पाँचदेखि म भिन्न छु । मन, चित्त, बुद्धि, अहंकार यी चारैलाई जान्दछु, यसकारण ती चारैदेखि म भिन्न छु, जाग्रत् स्वप्न र सुषुप्ति तीनै अवस्थाहरूलाई म जान्दछु, यसकारण यी तीनै अवस्थादेखि म भिन्न छु । जाग्रत् आदि तीनै अवस्थाहरूको अभिमानी विश्व, तैजस् र प्राज्ञलाई म जान्दछु, यसकारण ती तीनैदेखि म भिन्न छु । ती तीनैद्वारा देखिने सब जगत्‌लाई म जान्दछु, यसकारण यस जगत्‌देखि म भिन्न छु । यस जगत्‌को अभावलाई पनि म जान्दछु, यसकारण यसदेखि पनि म भिन्न छु । आफ्नो जाग्रत् र स्वप्नलाई तिमी जानौला, तर आफ्नो सुषुप्तिलाई कसरी जान्न सक्तछौ ? सम्पूर्ण जगत्‌लाई कसरी

जान्दछौ ? भनेर कोही शंका गर्दछ भने यसको उत्तर यो हो कि जान्ने चेतन हुन्छ तथा ज्ञान अथवा ज्ञेय वस्तु अचेतन हुन्छ। देहदेखि लिएर अहंकारसम्म सब जानिन्छन्। यसकारण अचेतन हुन्। यसैकारण तीनै अवस्थाहरू र तीनै अवस्थाका अभिमानी विश्व आदि पनि अचेतन नै हुन्। जगत् र जगत्को अभाव पनि यसै हेतुले अचेतन हुन्, यी सबको द्रष्टा म नै एक चेतन हुँ, यसकारण म सबको ज्ञाता हुँ। कोही प्रश्न गर्छ कि जान्ने हुनाले तिमी पनि विकारी भइहाल्नेछौ भने यो कुरा ठीक होइन, किनभने म चेतनबाहेक सम्पूर्ण वस्तु अचेतन हुनाले मिथ्या नै हुन्। म चेतनबिना कुनै अचेतन वस्तुको सिद्धि हुँदैन र मद्वारा नै सबको सिद्धि हुन्छ। यसकारण यिनको सिद्धि गर्नु नै मेरो देख्नु अथवा जान्नु हो। भाव यो हो कि म, चेतन सर्वदा सर्वत्र विद्यमान रहन्छु। ४२

बुद्धि आदिसँग आध्यात्मिक सम्बन्ध राखेर म सब जगत् र जगत्को अभावलाई देख्दछु, अन्यथा म स्वरूपमा स्थित छु। सबको सिद्धि मबाट नै हुन्छ, यसकारण म नै एक सत्य हुँ, मबाहेक सम्पूर्ण मिथ्या हो। म नै आफ्नो मायाले अन्नाद, क्षेत्रज्ञ अथवा भोक्ता हुन्छु, परमार्थमा म एकै हुँ।

जब यस प्रकारसँग श्रुति र युक्तिले ब्रह्म सिद्ध हुन्छ, ब्रह्मबाहेक अर्को वस्तु छँदै छैन, अनि शोक र मोह कसरी हुन सक्छ ? शोक र मोहको केही काम छैन। विद्वान्हरूको भनाइ छ कि सबैमा ब्रह्मभाव गर्नु नै चतुर मनुष्यको चतुऱ्याइँ हो। देहभाव गर्नु नै मूढ पुरुषको मूढता हो, किनभने श्रुति भन्छ- अर्कादेखि भय हुन्छ- 'द्वितीयाद्वै भयं भवति।'

एकमा भय हुँदैन अर्थात् अभय हुन्छ। यसकारण अभयाभिलाषी पुरुषको यो कर्तव्य छ ऊ नित्यनिरन्तर एक ब्रह्म नै सर्वत्र देखोस्। यो नै सुखको बाटो हो, यो नै कल्याणको बाटो हो, यो नै शान्तिको उपाय हो। यसबाहेक सुख, श्रेय र शान्तिको अरू उपाय छैन- 'नान्य पन्था विद्यतेऽयनाय।'

ॐ श्री गुरुपरमात्मने नमः

# "म र मेरो कर्तव्य"

## सर्वत्र आत्म-दर्शन

हे जिज्ञासु ! तिमी सधैँ सूर्य, चन्द्र, वायु, जन्म र मृत्युमा केवल आफ्नै आत्मालाई देख, सबैमा आफ्नै दर्शन गर। न कसैसँग राग गर, न कसैमा द्वेष गर, न कसैको कामना गर, न कसैमाथि क्रोध गर, न कसैसँग डराऊ, न कसैलाई डर देखाऊ, न चिन्ता गर, सधैँ शान्त रहू, दान्त रहू, तितीक्षु बन, क्षमावान् होऊ, धैर्यलाई धारण गर, सन्तोषको सहारा लेऊ, तृष्णा छोडिदेऊ, आशा छोडिदेऊ, स्पर्धा नगर, सम रहू, समदर्शी बन। जस-जसले शान्ति पाए यिनै उपायबाट पाए। एक असंग सनातन, सद्घन, आनन्दघन, अद्वितीय, सर्वोपाधिवर्जित, मायातीत, छायातीत, गुणातीत, कायातीत, निरञ्जन, निष्कल, शान्त आफ्नो आत्माको अनुसन्धान गर। एउटा आत्माशिवाय दोस्रो अरू कोही छैन। जे सुकै देखिन्छ, मरुमरीचिकाको जलसमान, बन्ध्याको पुत्रसमान अथवा स्वप्नको सृष्टिसमान मिथ्या हो। आत्माको अज्ञानले प्रतीत हुन्छ, आत्माको ज्ञानले लुप्त भइहाल्छ, यसकारण छँदैछैन। नभएर पनि तिम्रो मूर्खताले देखाइरहेको छ। बाहिर हेर्न छोडिदेऊ, समाहित भएर आफ्नैभित्र हेर, थोरै समयमा तिमीलाई आनन्दस्वरूप आत्माको अनुभव हुन थाल्नेछ। आत्माको अनुभव हुनासाथ संसार उडिहाल्दछ, स्वप्नमा पनि देखिँदैन। छँदैछैन त कहाँबाट देखिने ? केवल आत्माको अविवेकले प्रतीत हुन्छ, विवेकले लुप्त भइहाल्दछ। यसकारण हे प्रिय ? बाहिर नहेर, भित्र हेर। (४३)

जसको मन शुद्ध छ उसलाई श्रवण मात्रले तत्त्व-साक्षात्कार भइहाल्छ। अशुद्ध मन भएकालाई श्रवण मात्रले ज्ञान हुँदैन। परन्तु उसलाई चिरकालसम्म मनन, निदिध्यासन गर्नुपर्ने आवश्यकता पर्दछ। कुरा के छ भने गुरुमुखबाट महावाक्यहरूको तात्पर्य निश्चय गर्नु श्रवण हो। श्रवण गरिएको तत्त्वलाई सम्झनु मनन हो र मनन गरिएकै तत्त्वको ध्यान गर्नु निदिध्यासन हो। शुद्ध मन भएको व्यक्ति यी तीनै कुरा साथसाथै गर्न सक्दछ। अशुद्ध मन भएको चाहिँ एकसाथ गर्न सक्तैन, उसले तीनै कुरा क्रमैले गर्नुपर्दछ। यसमा राजा अलर्कको दृष्टान्त प्रमाणरूप छ-

# "म र मेरो कर्तव्य"

## मदालसाको उपाख्यान

रानी मदालसाका पाँच छोराहरू थिए। तिनमा अलर्क सबभन्दा कान्छा थिए। अलर्कका चारै दाजुहरू जान्ने हुनासाथ आमा-बाबुको आज्ञा लिएर राजपाठलाई छोडेर वनमा गइसकेका थिए। अलर्कलाई उनका आमा-बाबुले राज्य गर्नका निमित्त रोकिराखेका थिए किनभने प्रजापालन गर्नु नै राजाको परम धर्म हो। आमा-बाबु वनमा गइसकेपछि अलर्क काशीको राज्य गर्न थाले। एक दिन उनका भाइहरू आफ्नो मनमा विचार गर्न थाले-



हामीहरू त दुःखको घर संसारलाई छोडेर नित्य-निरन्तर ब्रह्मको अनुसन्धान गर्दै सर्वथा ब्रह्मानन्दमा मस्त रहेर जीवनमुक्तिको सुखको आनन्द लिन्छौं। शरीर त्यागेपछि कैवल्य मुक्तिमा अवश्य नै प्राप्त हुनेछौं। हाम्रो कान्छो भाइ संसारको हिलोमा फँसेको हुनाले जीवनमुक्तिको सुख त उसलाई हुनै सक्तैन, आत्मज्ञान पनि उसलाई छकि छैन यसको परीक्षा गर्नु पर्‍यो र यदि उसलाई आत्मज्ञान छैन भने ज्ञान दिएर मृत्युको भयबाट निर्भय गरिदिनु हाम्रो कर्तव्य हो। 'ब्रह्मवेत्ताको कुलमा कुनै अब्रह्मवेत्ता हुँदैन' यस्तो महापुरुषहरूको भनाइ छ। यसकारण आत्मज्ञानको उपदेश गरेर उसलाई राजपाठबाट विरक्त बनाएर मोक्षमार्गमा प्रवृत्त गरिदिनु पर्‍यो।

यो विचार गरेर अन्य राजाहरूबाट सेना मागेर अथवा आफ्नै योगबलले मायिक सेना रचेर चारै भाइहरूले चारैतर्फबाट चढाइ गरेर काशीपुरीलाई घेरिहाले। यो समाचार सुनेर अलर्क डराए, मन्त्रीहरूसँग सल्लाह लिए तर कुनै किसिमको निर्णय गर्न सकेनन्। रानी मदालसाले एक चिट्ठी अलर्कलाई दिएकी थिइन् र भनेकी पनि थिइन् कि 'जब कुनै महासंकट आइपरोस् तब यस पत्रलाई खोलेर हेर्नु, अन्यथा पाखुरामा बाँधिराख्नु।' आज अलर्कले सो पत्रलाई खोलेर हेरे। त्यसमा लेखिएको थियो 'शुद्धोऽसि बुद्धोऽसि निरञ्जनोऽसि संसारमाया परिवर्जितोऽसि।' यसलाई पढ्नासाथ आफ्नो पूर्व संस्कारका बलले अथवा तत्त्वदर्शी आमा- बाबुको रजवीर्यको प्रभावले, जसरी विदेह राजा जनकको मन अष्टावक्र गुरुलाई तन, मन, धन,

दक्षिणामा दिइसकेपछि विशुद्ध भएर ब्रह्माकार भएको थियो, त्यस्तै अलर्कको मन पनि अमन भइहाल्यो । 'तदा द्रष्टुस्वरूपेऽवस्थानम् ।' यस सूत्रअनुसार उनी स्व-स्वरूप ब्रह्ममा स्थित भइहाले । उनले आफूलाई सर्वत्र परिपूर्ण, शुद्ध, बुद्ध, निरञ्जन अनुभव गरे । उनको देहादिको अध्यास निवृत्त भइहाल्यो अनि चारै भाइलाई यसप्रकार पत्र लेखे- ४५

हे राजाहरू हो ! हे शूरवीरहरू हो ! प्रजाको रञ्जन गर्नेलाई विद्वान् राजा भन्दछन् तथा काम आदि शत्रुहरूको वेगले जसको धैर्यलाई डगाउन सक्तैन-उसलाई वेदवेत्ताहरू शुरवीर भन्दछन् । यदि तपाईंहरूले प्रजाहरूको रञ्जनका निमित्त काशीपुरीमा चढाइ गरेको हो भने तपाईंहरूको कल्याण होस् ! आउनुहोस् ! राज्य तपाईंहरूकै हो, प्रजापालन गर्नुहोस् ! मलाई वन जाने आज्ञा दिनुहोस् ! म वनमा गएर आत्मानुसन्धान गर्दै तपाईंहरूको कृपाले आफ्नो सनातन पद विदेह-कैवल्यमा प्राप्त हुनेछु । तपाईंहरू मेरा गुरु हुनुहुन्छ, म तपाईंहरूको शिष्य हुँ । मनले, धनले, शरीरले तपाईंहरूको शिष्य हुँ । राज्यको भारबाट मुक्त हुनु र ईश्वरानुसन्धान संलग्न हुनु तपाईंहरूकै कृपाले मलाई प्राप्त भएको छ । यसकारण मलाई तपाईंहरू आफ्नो कैलाशपति उमानाथभन्दा पनि अधिक प्रिय हुनुहुन्छ । तपाईंहरूलाई करोडौं नमस्कार छ । यदि तपाईंहरूले युद्ध गर्ने विचारले आक्रमण गरेको हो भने मेरो विचारमा तपाईंहरू मलाई यस शरीररूपी बन्धनबाट छुटाउन कैवल्य पद प्राप्त गराउन अथवा लोकमा यश प्राप्त गराउनका निमित्त आउनुभएको छ । त्यसो भए तपाईंहरू तलबार लिएर चारैजना एकैचोटी अथवा एक-एक गरेर लडाइँको मैदानमा आउनुहोस् । मनुष्य-शरीर यद्यपि दुर्लभ छ, तै पनि यसबाट मेरो प्रयोजन सिद्ध भइसकेको छ, सर्वथा मलाई यसमा आसक्ति छैन । यो क्षत्रीयको शरीर हो, युद्धमा काम लाग्छ भने अति उत्तम छ । दान दिनु क्षत्रीयको परम धर्म हो । हाम्रा पूर्वजहरूले युद्धदान दिनमा कहिल्यै संकोच गरेनन् । यसकारण यदि तपाईंहरू युद्ध माग्नुहुन्छ भने म सबै प्रकारले तयार छु । क्षणभंगुर शरीरको सुखका निमित्त, राज्य पाउनका निमित्त प्राणीहरूको हिंसा गर्नु म राजाहरूको धर्म मान्दिन ।

# "म र मेरो कर्तव्य"

हो, आफ्नो धर्मको रक्षाका निमित्त आफ्नो प्राण दिन सक्तछु ।' कान्छो भाइको धीरता, वीरता र उदारताको प्रकाशक पत्र पढेर चारै भाइ अत्यन्त प्रसन्न भए । सबैले आएर भाइलाई अङ्कमाल गरेर यस प्रकारसँग आशीर्वाद दिएर आफ्ना-आफ्ना स्थानमा फर्केर गए र आशीर्वाद वचन यसप्रकार छन्- 

'हे सहोदर ? तिम्रो परीक्षा लिनका लागि हामीले तिमीमाथि चढाइँ गरेका थियौं । तिमी ज्ञान, वैराग्य र ईश्वरभक्तिले परिपूर्ण छौ, राज्य गर्न योग्य छौ, तिम्रो शुद्ध विचार देखेर हामी चारैलाई सन्तोष भयो । तिम्रो बुद्धि सधैं यस्तै किसिमको शुद्ध बनिरहोस् । तुच्छ राजपाठको लोभ तिम्रो मनमा नआओस् ! आफ्नो कर्तव्यलाई नबिर्सी सधैं आफ्नो आत्मा शिवशम्भुको अनुसन्धान गर्दै प्रजाको रञ्जन गरे । मृत्युलोकमा सब जना रुँदै आउँदछन्, रुँदै जान्छन् । कुनै बिरलै सौभाग्यशाली पुरुष मात्र आफ्नो यश फैलाएर हाँस्दै कैलाशपतिको परमधाममा पुग्दछ, जहाँबाट फेरि फर्केर यहाँ आउँदैन, त्यो नै धन्य हो, उसैको जन्म सफल हो । तिमी पनि यस्तै होऊ, यस्तै होऊ ! यही हाम्रो शुभ आशीर्वाद छ ।-

यस्तो उपदेश र आशीर्वाद दिएर चारै भाइ अलर्कका बुद्धिको प्रशंसा गर्दै विचरण गर्न थाले । यता अलर्क राजकाज चलाउन लागे, अन्तमा वनमा गएर आत्मानुसन्धान गर्दै यस नश्वर शरीरलाई त्याग गरेर विदेहमुक्तिमा प्राप्त भए । यस उपाख्यानबाट तिमीले बुझिहाल्यौ होला कि कुनै विलक्षण बुद्धि भएकालाई वेदान्त श्रवणमात्रले पनि ब्रह्मात्माको साक्षात्कार भइहाल्छ, जसको बुद्धि शुद्ध छैन उसले श्रवण, मनन, निदिध्यासन गर्नाले साक्षात्कार हुन्छ, यसमा पनि मनन, निदिध्यासन नै उत्तरोत्तर मुख्य छन् । मेरो विचारमा अब तिमीले बुझिहाल्यौ होला, नसम्झेको भए फेरि पनि सम्झाउँछु । सुन ! हेर ! जाग्रत्मा स्वप्न हुँदैन, स्वप्नमा जाग्रत् अवस्था हुँदैन र सुषुप्तिमा जाग्रत्, स्वप्न दुवै हुँदैनन् भने यी तीनै अवस्था मिथ्या नै त हुन् । तर, महामायाको प्रभावले तिमी यसलाई सत्य मान्दछौ, आफूलाई मिथ्या मान्दछौ । कस्तो आश्चर्यको कुरा हो ? तिमी यी सबका द्रष्टा हौ, तीनै कालमा एक रस रहन्छौ । सत्यको सत्य, ज्योतिको ज्योति,

स्वयं ज्योति, स्वयं सिद्ध, गुणातीत, मायातीत, कालातीत छौ । यस्तो शाश्वत्, उदय-अस्तरहित आफ्नो स्वरूपलाई तिमी जान्दैनौ । सम्पूर्ण संसारलाई जान्ने इच्छा गर्दछौ, आफूलाई जान्दैनौ । सबैलाई उपदेश दिन्छौ, आफूलाई उपदेश दिँदैनौ । सम्पूर्ण संसारको उद्धार गर्ने ठेक्का लिन्छौ, आफ्नो उद्धार गर्दैनौ । उद्धार गर्न पनि जान्दैनौ । 'उद्धार' शब्दको अर्थ पनि तिमीले कोशमा देखेका छैनौ, अथवा कुनै पनि सन्त-महात्माको मुखबाट पनि सुनेका छैनौ । जब तिमीले आफ्नो उद्धार गरेका छैनौ, तब तिमी अरू कसैको उद्धार कसरी गर्न सक्दछौ ? कहिल्यै पनि गर्न सक्दैनौ । पहिले आफ्नो उद्धार गर, अनि पछि अरूको उद्धार गर्ने संकल्प गर । अन्यथा आफू त डुब्ने नै छौ, अरूलाई पनि लिएर डुब्नेछौ । मोहरूपी हिलोबाट निस्क, शोकरूपी हिलोबाट निस्क, चिन्तारूपी नदीमा नडुब, सन्त-महात्माहरूको संगति गर, दुर्जनदेखि टाढा रहू । सत्‌शास्त्ररूपी आफ्नो धमिलो आँखामा चश्मा लगाएर त्यो चश्माबाट संसार हेर । जब तिमी सत्‌शास्त्ररूपी चश्माले काम लिनेछौ अनि संसारको र परब्रह्मको तत्त्वलाई बुझ्न सक्नेछौ अन्यथा सक्ने छैनौ । संसार स्वप्नलाई छाडेर परमार्थ तत्त्वमा जाग, विवेक-नेत्र खोल ।



## अन्तस्करणको शुद्धि

मैलो ऐनामा मुख देखिएझैं जबसम्म अन्तस्करण शुद्ध हुँदैन, तबसम्म न सविशेष ब्रह्मको ज्ञान हुन सक्दछ, न निर्विशेष ब्रह्मको । ज्ञानबिना दुवैमा कसैको पनि भक्ति हुन सक्तैन । कसैले ठीकै भनेका छन्- 'मलिन अन्तस्करण भएकालाई सगुण तथा निर्गुण दुवै ब्रह्ममा कसैको पनि भक्ति हुनु कठिन मात्रै होइन, असम्भव छ ।' जबसम्म दैवी सम्पद् आदि साधनहरूले मन शुद्ध हुँदैन तबसम्म प्रेमपूर्वक सगुण ब्रह्मको भक्ति गर अर्थात् सगुण ईश्वर र ईश्वरावतारहरूको गुणगान गर । आफ्ना भक्तहरूलाई आफ्नो अगम तत्त्व सम्झाउनका लागि ईश्वर अवतार लिइबक्सिन्छ । भागवतमा भनेको छ- 'दुरवगमात्मतत्त्वनिगमाय तवात्ततनो:' अर्थात् आफ्नो दुर्विज्ञेय तत्त्व

सम्झाउनका लागि हजुर शरीर धारण गरिबक्सिन्छ। गीतामा पनि 'ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते' अर्थात् म आफ्ना भक्तहरूलाई बुद्धियोग दिन्छु जसको सहाराले ती मेरो तत्वलाई बुझेर ममा प्रवेश गर्दछन्। ईश्वरावतारहरूको चरित्र पढ्नाले सगुण र निर्गुण ब्रह्मको स्वरूपको ज्ञान हुन्छ। यसकारण ईश्वरका चरित्रहरूको प्रेमपूर्वक गान गर्ने गर। कारण र कार्यको अभेद हुन्छ। जस्तै सुन र कुण्डलको भेद संसारमा प्रसिद्ध छ, त्यस्तै ब्रह्मबाट उत्पन्न भएका जगत्को ब्रह्मसँग अभेद छ। श्रुति पनि 'सर्वं खल्विदं ब्रह्म' भन्दछिन्। विशेषबाट उत्पन्न भएको जगत् विशेष रूप नै हो, सबैलाई विशेषरूपले हेर्नु नै सगुण ब्रह्मको भक्ति हो। गीतामा भगवान्ले भन्नुभएको छ- 'समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम्' अर्थात् सम्पूर्ण भूतमा समानभावले जो हेर्दछ, त्यो मेरो पराभक्तिलाई प्राप्त गर्दछ। यसकारण न कसैसँग राग गर, न कसैसँग द्वेष गर, सबै प्राणीमा समभावले अवस्थित जनार्दनलाई हेर। जसरी तिमीलाई अनुकूलबाट सुख र प्रतिकूलबाट दुःख हुन्छ त्यस्तै सबैलाई हुन्छ। मनले, वचनले, शरीरले, कसैलाई पीडा नदेऊ, मनले सबैको भलाई गर, वाणीले हित र मधुर बोल्ने गर, शरीरले कष्ट नदेऊ, सर्वेश्वरको भक्त भएर सुखी भइहाल ! शान्त भइहाल !!

## वैराग्य

४८

जब तिमी यहाँ आएथ्यौ, तब मुठ्ठी बाँधेर आएथ्यौ, हात फैलाएर जाने हो न केही साथमा ल्याएथ्यौ न लैजाने हौ भने किन व्यर्थ अर्काको वस्तुमा दावा गर्दछौ ? अर्काको उत्तम वस्तु देखेर किन मनमा लालच ल्याउँछौ ? 'जसले दियो उसले पायो' यस न्यायअनुसार जो तिमीलाई मिलेको छ त्यसैमा सन्तुष्ट रहेर आनन्दपूर्वक गुजारा गर। न विद्या-धनादिको अभिमान गर न कुलको अभिमान गर, सबै उसै एक ईश्वरका अंश हुन्, सबै बराबर हुन्, सब मधुसूदन रूप हुन्, न कुनै शत्रु हुन्, न कुनै मित्र। सबै जगत्रूप धर्मशालामा परदेशी समान चार दिनका पाहुना हुन्, न कसैसँग मित्रता गर न कसैसँग शत्रुता गर सबैलाई आफू समान प्रेम गर,

# "म र मेरो कर्तव्य"

जीवनमुक्तिको, सुखको अनुभूति गर्दै प्रारब्धलाई शेष गरिदेऊ। महात्माजीले केही गम्भीर भई फेरि भने- सुन्यौ? राम्रोसँग सुन्यौ? धीर पुरुषहरू जे सुन्दछन्, याद राख्दछन्, भुल्दैनन्। फेरि सुनेका कुराको अनुकरण गर्दछन्, यस्तो गर्दैनन् कि एक कानले सुन्यो अर्को कानले उडायो। उपदेशक धेरै छन्, उपदेश लिने पुरुष कहीं कतै मात्र हुन्छ। अर्कालाई उपदेश नदेऊ ! परोपदेश पाण्डित्यम् नदेखाऊ ! उपदेश लिन सिक ! उपदेश लिनु सुन्दर मार्ग हो, उपदेश लिने गर, उपदेशको अनुकरण गर्ने गर। के तिमीले सुनेका छैनौ, पूर्वकालीन शुद्ध बुद्धि भएका चतुर पुरुष मूर्खहरूबाट पनि उपदेश लिएर पार भए। के तिमीले सुनेका छैनौं, एक अवधूत परेवा, वेश्या, कौंच पक्षी आदिबाट उपदेश लिएर परम सिद्धिमा प्राप्त भए? तिमी पनि उनको अनुकरण गर, शरीरको ममता र अहंता छोडिदेऊ केवल यसलाई चारो-पानी दिने गर र यसबाट आफ्नो काम लिएर सुखी होऊ, यदि तिमी के काम लिऊँ भन्छौ भने आत्मानुसन्धान नै काम हो। आत्मानुसन्धान गर्दै सुखी होऊ। शान्त होऊ। सर्वात्मदेव तिम्रो कल्याण गर्नेछन्। ५०

## ईश्वर शरणागति

हे कल्याणकामी पुरुष हो ! जुन देव आनन्दस्वरूप भगवान्लाई तिमीहरू मथुरा, काशी, बदरीकाश्रम आदि तीर्थहरूमा, कहीं इन्द्रादि देवताहरूमा, कहीं वामन, नर-सिंह आदि अवतारहरूमा, कहीं ईश्वर, हिरण्यगर्भ, विराट आदि ईश्वरहरूमा, कहीं विश्व, तैजस्, प्राज्ञ आदि जीवहरूमा, कहीं स्थूल, सूक्ष्म, कारण आदि शरीरहरूमा, कहीं जाग्रत्, स्वप्न, सुषुप्ति आदि अवस्थाहरूमा, कहीं आकाश आदि भूतहरूमा, कहीं सत्व आदि गुणहरूमा, कहीं साम आदि वेदहरूमा, कहीं इतिहास, पुराण आदिमा, कहीं ब्रह्मसूत्र आदि दर्शनहरूमा लुकेको सम्झेर बहिमुर्ख पुरुषसमान यी स्थानहरूमा खोज्दा-खोज्दा हैरान भइहालेका छौ। त्यसको कहीं पत्ता नलागेर दु:खको अनुभव गरिरहेका छौ। उनै देव, आनन्दस्वरूप देवलाई अन्तर्मुखी पुरुष यी स्थानहरूमा खोज्दैनन्, परन्तु प्राणादिको संयम गरेर आफ्नै हृदय

# "म र मेरो कर्तव्य"

कमलमा खोज्दछन्, खोजेर उसलाई प्राप्त पनि गरिहाल्दछन् र सधैँको निमित्त सुखी र शान्त भइहाल्दछन् । उसै आत्मदेवको दर्शन सुख र शान्तिको हेतु छ, तथा उसैको अदर्शन दुःख र अशान्तिको कारण छ । उसै देवको शरणमा जाऊ । तिम्रो कल्याण होस् । ५१

अरा इव रथनाभौ संहता यत्र नाड्यः
स एषोऽन्तश्चरते बहुधा जायमान ।
ओमित्येव ध्यायथ आत्मानं
स्वस्ति वः पाराय तमसः परस्तातन् ।

अर्थात्-रथचक्रको नाभिमा जसरी अराहरू लागेका हुन्छन् उसै प्रकारसँग जसमा सम्पूर्ण नाडीहरू एकत्रित हुन्छन्, जो उस हृदयभित्र अनेक प्रकारसँग उत्पन्न भएर सञ्चार गर्दछ । उस आत्माको ॐ यसप्रकार ध्यान गर । अज्ञानदेखि पारि जानमा तिम्रो कल्याण होस् । (तिमीलाई कुनै प्रकारको विघ्न नहोस्) ।

यसपछि महात्माजीले श्रीशंकराचार्यको आत्मपञ्चकको अन्तिम श्लोक अत्यन्त गम्भीर भावले उच्चारण गरे-

अहंनिर्विकल्पो निराकार रूपोविभुर्व्याप्य सर्वत्र सर्वेन्द्रियाणाम् ।
सदा मे समत्वं नबन्धो नमोक्षश्चिदानन्द रूपः शिवोऽहं शिवोऽहम् ॥

अर्थात् म निर्विकल्प, निराकार रूप हुँ, विभु हुँ, सबै ठाउँमा सबै इन्द्रियहरूको प्रकाशकरूपमा व्यापक हुँ । मेरो सदा समता छ, मेरो बन्धु, मोक्ष कहीँ पनि छैन, म चिदानन्दस्वरूपमा आत्मा हुँ । त्यसपछि महात्मा हिँड्नलाई उठिहाले, त्यसै बखत जिज्ञासुले पनि उनका चरण युगलमा शिर राखेर गद्‌गद् वाणीले प्रश्नोपनिषद्को अन्तिम श्लोक उच्चारण गरे-

ते तमर्चयन्वस्त्वं हि नः पिता योक्स्माकमविद्यायाः परं पारं तारयसीति नमः परमऋषिभ्यो नमः परमऋषिभ्य ॥ ५२

त्यसपछि उनले उनको पूजा गर्दै भने- हजुर त हाम्रो पिता होइबक्सिन्छ, जसले हामीलाई अविद्याको पारि पुऱ्याइबक्सियो, परमर्षि हजुरलाई हाम्रो नमस्कार छ ।

यसपछि महात्मा हिँडिहाले, पछाडिपट्टि एकचोटी पनि नहेरेर हिँडिहाले ।

-शिवमस्तु-